# अर्धवार्षिक प्रतिवेदन

## आ.व. २०७५/०७६




स्थानीय सरकार

**मेलम्ची नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

मेलम्ची, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल

फोन नं. ०११-४०११४१, ०११-४०११४२ फ्याक्स : ०११-४०१०८९

इमेलः dms.melamchimun@gmail.com वेवसाइटः www.melamchimun.gov.np

## प्रकाशक

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

## संरक्षक

डम्बर बहादुर अर्याल (नगर प्रमुख)
भगवती नेपाल (नगर उपप्रमुख)

## सल्लाहकार

देवी प्रसाद थपलिया
प्रमुख प्रशासकीय अधिकृत

## सम्पादन समिति

लेखा अधिकृत, मुरारी पुडासैनी - संयोजक
सूचना प्रविधि अधिकृत, अर्पना श्रेष्ठ - सदस्य
ना.सु. राजेन्द्र दुलाल - सदस्य सचिव

## डिजाइन/ले आउट/मुद्रण

लालीगुराँस अफसेट प्रेस
मेलम्ची, सिन्धुपाल्चोक

## प्रकाशकीय ........................................................

मेलम्ची नगरपालिकाबाट आ.व. २०७५/०७६ को पौष मसान्तसम्म सम्पादन भएका प्रमुख कार्यहरूको अभिलेख राख्ने र आम नगरवासीहरुमा सोको जानकारी गराउने उद्धेश्यले यो अर्ध वार्षिक प्रतिवेदन निर्माणको कार्य थालनी गरिएको हो । नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र रही नगरपालिकाले आफ्ना कार्यहरू सम्पादन गर्दै आइरहेको छ । मेलम्ची नगरपालिका कार्यालयबाट सम्पादन गरिएका प्रमुख कार्यहरूलाई लिपिवद्ध गर्ने अठोटका साथ यो कार्यको सुरुवात गरिएको हो । अर्धवार्षिक र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने विषय नगरपालिकाको नयाँ कार्य भएकोले यसमा केही कमी कमजोरीहरू हुन सक्दछन् । तथापी यस प्रतिवेदनमा समावेश भएका तथ्याङ्क र सम्पादन भएका कार्यहरूलाई यथार्थपरक, त्रुटिरहित र वस्तुनिष्ठ बनाउँने कोशिस गरिएको छ । प्रस्तुत प्रतिवेदनमा धेरै विषयहरू समेट्न नसकिएता पनि नगरपालिकाबाट भएका मुख्य मुख्य कार्यहरूलाई समेटिएको छ । प्रतिवेदनलाई आगामी दिनमा अझ स्तरीय बनाउन सम्पूर्ण नगरवासी, सरोकारवाला, जिज्ञासु, शोधकर्ता लगायत सम्पूर्ण पाठक वर्गबाट आवश्यक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरिएको छ ।

अन्त्यमा, यो अर्धवार्षिक प्रतिवेदन नगरपालिकाको आवधिक योजना तर्जुमा गर्न र नगरपालिकाबाट भएका काम कारवाहीहरू बारे जानकारी लिन चाहिने सबैलाई एक महत्वपूर्ण सन्दर्भ पुस्तकको रुपमा रहनेछ । प्रतिवेदन तयार गर्नको लागि सल्लाह र सुझाव दिई सहयोग गर्नुहुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि लगायत सम्पूर्ण कर्मचारीहरू प्रति यो समिति हार्दिक कृतज्ञता ब्यक्त गर्दछ ।

## भाग-एक

### विषय प्रवेश

### १.१ पृष्ठभूमिः-

वि.सं. २०७१ साल मंसिर १६ मा नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गाविसहरु ( मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) मिलाएर मेलम्ची नगरपालिका गठन गरिएकोमा राज्यको पुर्नसंरचना पश्चात वि.स. २०७३ साल फाल्गुण २६ गते साविकका ४ वटा गाविसहरु (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) समेत थप गरी मेलम्ची नगरपालिकाको पुर्नगठन भएको छ । पुर्नगठन पश्चात यस नगरपालिकामा हाल १३ वटा वडाहरु रहेका छन् ।

१५८.१७ वर्ग कि.मी. क्षेत्रफल भएको यस नगरपालिकामा २०६८ को राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्या ४५३४३ रहेकोमा पुरुषको जनसंख्या २३६१४ र महिलाको जनसंख्या २१७२९ रहेको छ भने जम्मा ९९९२ घरधुरीहरु रहेका छन् । नेपालको संविधान, २०७२ ले दिएको अधिकार र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाले आफ्ना विकास निर्माणका कार्यहरुको साथै विषयगत शाखाहरुबाट सम्पादन हुने शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका लगायतका कार्यहरु नियमित रुपमा संचालन गर्दै आइरहेको छ ।

### १.२ नगरपालिकाको परिचय :-

नेपालको राजधानी काठमाण्डौबाट उत्तर-पूर्वमा पर्ने ३ नं. प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तहहरुमध्ये मेलम्ची नगरपालिका एक हो । यस नगरपालिकाको पूर्वमा ईन्द्रावती गाउँपालिका, पश्चिममा काठमाडौंको शंखरापुर नगरपालिका र नुवाकोटको शिवपुरी गाउँपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका रहेको छ ।

यस नगरपालिकाले तय गरेको विकासका चार खम्बे नीति कृषि, पर्यटन, उद्योग र जलाधारलाई मध्यनजर गर्दै नगरपालिकाले कृषि, पर्यटन, उद्योग र जलाधारको विकासलाई प्राथमिकतामा राखेको छ । यसरी कृषि, पर्यटन, खनिजजन्य उद्योग र सार्वजनिक जग्गा संरक्षण र उपयोगको माध्यमबाट आर्थिक समृद्धि प्राप्त गरी नगरको समग्र विकासका कार्यक्रमहरुको रणनैतिक योजना तयार पारिएको छ र यी लक्ष्यहरु नै नगरको आर्थिक विकासको आधार हुनेछ । नगरपालिका क्षेत्र भित्रका कृषि योग्य जमिनको पहिचान गरी मेलम्ची नगरपालिका क्षेत्रको बाँसवारी, शिखरपुर लगायतका खेती योग्य क्षेत्रमा कृषि पकेट, मेलम्चीको कटुञ्जेमा कागती पकेट, भोटेचौर किवी पकेट र चिया पकेट क्षेत्रको रुपमा विकास गरी कार्यक्रम अघि बढाएको छ । नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदीलाई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले के कसरी उपयोग गर्न सकिन्छ सो सम्बन्धी अध्ययन कार्य अघि बढाएको छ ।

मेलम्ची नगरपालिकाले आ.व. २०७५/७६ को श्रावण देखि कार्तिक महिनासम्ममा देहाय बमोजिमका कार्यहरु सम्पादन गरेको छ ।

## भाग-दुई

### आ.व. २०७५/७६ को पौष मसान्तसम्म सम्पादन भएका कार्यहरु

### २.१ नगर सभा सम्पन्न

"मेलम्ची नगर सम्वृद्धिको आधार : कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने मूल लक्ष्यका साथ मेलम्ची नगरपालिकाको चौथो नगरसभा मिति २०७५ पौष २६ गते सम्पन्न गरियो । उक्त नगरसभाबाट आ.व. २०७५/७६ को संशोधित बजेट, नीति तथा कार्यक्रम पारित गर्नुको साथै नगरपालिकाको चालु, पूँजीगत खर्च को लागि कूल रु. १ अर्व ४३ लाख ४१ हजार ३ सय ४३ रुपैयाँ पैसा त्रिचालिस मात्रको संशोधित वार्षिक बजेट स्वीकृत गरियो । उक्त नगरसभामा नगर प्रमुख श्री डम्बर बहादुर अर्यालले आ.व. २०७५/७६ को संशोधित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने नगर उप-प्रमुख श्री भगवती नेपालले आ.व.२०७५/७६ को संशोधित आर्थिक ऐन र विनियोजन ऐन प्रस्तुत गर्नुभएको थियो ।





*चौथो नगरसभाको उद्घाटन गर्नुहुँदै मेलम्ची नगरपालिकाका प्रमुख डम्बर बहादुर अर्याल*

### २.२ बजार अनुगमन :

मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि र नगरपालिकाका कर्मचारीहरुको संयुक्त अनुगमन टोलीबाट मेलम्ची नगरपालिका अन्तर्गतका मेलम्ची बजार, बाहुनेपाटी बजार, भोटेचौर बजार, तालामाराङ्ग बजार, काउले तथा पिप्ले लगायतका अन्य बजारहरुको मिति २०७५।६।१५ देखि २०७५।६।१८ गतेसम्म र २०७५।९।११ गते मेलम्ची बजारको स्थलगत रुपमा बजार अनुगमन गरियो । अनुगमनका

क्रममा सम्बन्धित व्यवसायीलाई गणस्तरयुक्त सामान तथा वस्तुहरुको किनबेच गर्न, मूल्य सूची राख्न, व्यवसायको सायनबोर्ड राख्नको लागि निर्देशन दिइयो । अनुगमनका क्रममा व्यवसाय दर्ता नगरी संचालन गरी रहेका व्यवसायीलाई अनिवार्य रुपमा व्यवसाय दर्ता गरेर मात्र संचालन गर्नको लागि अनुरोध सहितको पत्र प्रदान गरियो । बजार अनुगमनका क्रममा नापतौल, उपभोग्य एवं खाद्य वस्तु लगायतका विषयमा समेत अनुगमन गरियो । मेलम्ची नगरपालिका अन्तर्गत विभिन्न बजार क्षेत्रमा संचालन भएका उद्योग व्यवसायहरुको तथ्याङ्क संकलन गरी ५५७ वटा व्यवसायीहरुको अभिलेख समेत अद्यावधिक गर्ने कार्य सम्पन्न गरियो ।




*जनप्रतिनिधि, कर्मचारी र सुरक्षा निकायका प्रतिनिधि सहितको टोली बजार अनुगमन गर्दै*

**अनुगमन गरिएका व्यवसायहरु**

| क्र.सं. | वडा नं. र स्थान | अनुगमन गरिएका व्यवसाय संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, भोटेचौर | ५८ | |
| २ | वडा नं. ३, काउले दोभान | ८ | |
| ३ | वडा नं. ४, थकनी, पिप्ले बजार | १४ | |
| ४ | वडा नं. ५ भदौरे, सिन्धुकोट | ९ | |
| ५ | वडा नं. ६, तालामाराङ | ३२ | |
| ६ | वडा नं. १०, शिखरपुर | २४ | |
| ७ | वडा नं. ११, मेलम्ची | २९६ | |
| ८ | वडा नं. १२, बाहुनेपाटी | ९८ | |
| ९ | वडा नं. १३, जर्केखोला | १८ | |
| जम्मा | | ५५७ | |

## २.३ संविधान दिवस सम्पन्न :

मेलम्ची नगरपालिका प्रमुख श्री डम्बर बहादुर अर्यालज्यूको अध्यक्षतामा सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं. २ का माननीय सांसद श्री शेर बहादुर तामाङको प्रमुख आतिथ्यता, ३ नं. प्रदेश सांसद ईन्द्रमाया गुरुङ्ग र जिल्ला समन्वय समितिका प्रमुख श्री कृष्ण गोपाल तामाङको विशेष आतिथ्यतामा जननिर्वाचित प्रतिनिधिहरु, आम नागरिक, सरकारी निकाय, सुरक्षा निकाय, गैर सरकारी निकाय लगायतको सहभागितामा २०७५ साल आश्विन ३ गते र्‍याली सहित छलफल, अन्तरक्रिया र नेपालको संविधान, मुलुकी ऐन तथा भौजदारी ऐनका सम्बन्धमा प्रवचन कार्यक्रम गरी तेस्रो संविधान दिवस मनाइयो । उक्त कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव बालानन्द पौडेल र संविधान विज्ञ टिकाराम भट्टराईले मुलकी ऐन र फौजदारी ऐनका विषयमा प्रवचन दिनुभएको थियो । कार्यक्रममा विभिन्न राजनैतिक पार्टीका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकाय लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।





*संविधान दिवस, २०७५ को र्‍यालीमा जनप्रतिनिधि, कर्मचारी र सुरक्षा निकाय लगायत अन्य सहभागीहरु*




*संविधान दिवसको उद्घाटन समारोहका अतिथि र सहभागीहरु*

### २.४ सम्पत्ति कर व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न :

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ५५ मा भएको कानूनी व्यस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र एकिकृत सम्पत्ति कर वा घरजग्गा कर लगायन सक्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाले आ.व. २०७५/७६ देखि सम्पत्ति कर लगाउने( कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ जारी गरी सम्पत्ति कर लगाउँदै आएको छ । यसै सन्दर्भमा मेलम्ची नगरपालिकाबाट मिति २०७५।७।१२ देखि २०७५।७।१४ गतेसम्म नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको लागि सम्पत्ति कर व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

तीन दिनसम्म संचालन भएको कार्यक्रमको उद्घाटन मेलम्ची नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्यालले गर्नुभएको थियो भने कार्यक्रमको औचित्य माथि प्रमुख प्रशासकीय अधिकृत श्री देवी प्रसाद थपलियाले प्रकाश पार्नु भएको थियो । सम्पत्ति करका सम्बन्धमा श्रोत व्यक्तिहरु श्री योगराज गाउँले, समुत्रिा अधिकारी र बालकृष्ण देउजाले प्रशिक्षण दिनु भएको थियो । उक्त प्रशिक्षणमा मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीहरु र प्रशिक्षक सहित ४१ जनाको सहभागिता रहेको थियो ।







*नगर प्रमुख डम्बर बहादुर अर्याल कार्यक्रमको उद्घाटन मन्तव्य व्यक्त गर्नुहुदै*




*प्रशिक्षण कार्यक्रममा जनप्रतिनिधि र कर्मचारी सहभागी हुँदै*

## २.५ आन्तरिक आय ठेक्का बन्दोबस्त कार्य सम्पन्न :

मेलम्ची नगरपालिकाको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रबाट आ.व. २०७५/७६ मा ढुंगा, गिटी, बालुवाको संकलन तथा बिक्री, सडक मर्मत संभर शुल्क र सवारी प्रवेश शुल्क संकलन मार्फत आन्तरिक राजस्व संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्ने कार्य सम्पन्न गरियो । नगरपालिका क्षेत्र भित्र सडक मर्मत संभार शुल्क संकलनको लागि मेलम्ची नगरपालिका वडा नं. ७ स्थित आकाश निर्माण सेवासंग रु. तीन करोड छब्बिस लाख पचास हजार रकमको ठेक्का सम्झौता गरिएको छ । सवारी प्रवेश शुल्क संकलनको लागि मेलम्ची नगरपालिका वडा नं. १ स्थित शिवश्री निर्माण सेवासंग रु. सतसठी लाख र ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र तर्फको ढुंगा, गिटी बालुवाको संकलन तथा बिक्री शुल्क संकलनको लागि काठमाडौं महानगरपालिका वडा नं. ९, बानेश्वर स्थित तिनपिप्ले निर्माण सेवासंग रु. बत्तिस करोड पचहत्तर लाख रुपैयाँ बराबरको आन्तरि आय ठेक्का सम्झौता सम्पन्न गरियो ।

## २.६ कम्प्युटर क्षमता विकास तालिम सम्पन्न :

मेलम्ची नगरपालिका अन्तर्गतका वडा सचिवहरुको कम्प्युटर सम्बन्धी क्षमता अभिवृद्धि गरी कार्य सम्पादनमा प्रभावकारीता हाँसिल गर्नको लागि यस नगरपालिकाको आयोजनामा मिति २०७५ भाद्र १५ गते देखि १७ गतेसम्म कम्प्युटर क्षमता विकास तालिम संचालन गरिएको छ । उक्त कार्यक्रममा नगरपालिकाका कर्मचारी सहित १८ जना सहभागीहरु रहेका थिए । नगरपालिकाका सूचना प्रविधि अधिकृत अर्पना श्रेष्ठले उक्त तालिमको सहजिकरण गर्नुभएको थियो ।




*कर्मचारीहरु कम्प्युटर तथा सफ्टवेयर जडान तालिममा सहभागी हुँदै*

**२.७ दर्ता चलानी, सिफारिस तथा घटना दर्ता सम्बन्धी सफ्टवेयर तालिम संचालन :**

मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०७५ असोज ९ गते देखि १० गतेसम्म नगरपालिका अन्तर्गतका वडा सचिवहरुलाई दर्ता चलनी, सिफारिस तथा घटना दर्ता सम्बन्धी कार्यमा सहजता प्रदान गर्नको लागि कम्प्युटर सफ्टवेयर सम्बन्धी तालिम संचालन गरिएको छ। उक्त तालिममा नगरपालिका र अन्तर्गत वडा कार्यालयहरुबाट १६ जना कर्मचारीहरुको सहभागीता रहेको थियो । सफ्टवेयरको उपलब्धता तथा तालिम संचालन गर्नको लागि सामुदायिक आत्म निर्भरता केन्द्र (सिएसआरसी) ले सहयोग गरेको थियो।

**२.८ सूचना प्रविधिको जडान :**

वडा कार्यालयको दैनिक कार्य सम्पादनमा पारदर्शिता एवं सहजता ल्याउन र अभिलेख प्रणलीलाई व्यवस्थित गर्न मेलम्ची नगरपालिका अन्तर्गतका वडा नं. २, ३ र ४ का वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्नुका साथै सबै वडा कार्यालहरुमा सम्पत्ति कर र दर्ता चलानी सम्बन्धी सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न गरिएको छ । साथै, नगरपालिकाको सहयोगमा मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा ईलेक्ट्रोनिक हाजिरी जडान गर्ने कार्य, नगरपालिका कार्यालय क्षेत्रभित्र निशुल्क इन्टेरनेट सेवा (फ्रि वाइफाई) सूचारु गरिएको छ भने र अडियो नोटिश बोर्ड संचालनमा ल्याइएको छ। अडियो नोटिस बोर्डको सहायताबाट नगरवासी तथा अन्य सर्वसाधारणहरुले नगरपालिकाकाबाट जारी भएका सूचनाहरु १६१८०११४०११४२ नं. डायल गरी निशुल्क सुन्न सकिने व्यवस्था गरिएको छ।

**२.९ ज्येष्ठ नागरिक दिवस सम्पन्न :**

मेलम्ची नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाको आयोजनामा मिति २०७५ असोज १६ गते अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस सम्पन्न गरियो। उक्त दिवसको अवसरमा मेलम्ची नगरपालिका वडा नं. ११ का ८० वर्ष उमेर पुगेका १० जना ज्येष्ठ नागरिकहरुलाई दोसल्ला ओढाई हर्लिक्स प्रदान

गरियो । उक्त कार्यक्रममा मेलम्ची नगरपालिकाका उपप्रमुख भगवती नेपाल, प्रमुख प्रशासकीय अधिकृत देवी प्रसाद थपलिया र ११ नं. वडा कार्यालयका वडा अध्यक्ष रुद्र प्रसाद दुलाल लगायत अन्य नगरवासीहरुको सहभागीता रहेको थियो ।






*अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसमा सम्मानित ज्येष्ठ नागरिकहरु*

## २.१० अन्तराष्ट्रिय बालिका दिवस सम्पन्न :

मेलम्ची नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाको आयोजनामा मिति २०७५ असोज २५ गते मेलम्ची नगरपालिका वडा नं. १३ फटकशीलामा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरी अन्तराष्ट्रिय बालिका दिवस मनाइयो । उक्त कार्यक्रममा वडा नं. १३ का बालबालिकाहरुको उपस्थिति रहेको थियो ।






*नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहित अन्तराष्ट्रिय बालिका दिवसको अवसरमा उपस्थित बालबालिकाहरु*

## २.११ मानब बेचबिखन तथा ओसारपसार विरुद्धको दिवस सम्पन्न :

मेलम्ची नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाको आयोजनामा मिति २०७५ भाद्र २० गते मेलम्ची नगरपालिका वडा नं. ११ स्थित दनुवारबस्तीमा १२ औं राष्ट्रिय मानव बेचबिखन तथा ओसार पसार विरुद्धको दिवस सम्पन्न गरियो । उक्त दिवसमा मेलम्ची नगरपालिकाका प्रमुख श्री डम्बर बहादुर अर्याल, उपप्रमुख श्री भगवती नेपाल, प्रमुख प्रशासकीय अधिकृत देवी प्रसाद थपलिया, सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।





*१२ औं राष्ट्रिय मानव बेचबिखन तथा ओसार पसार विरुद्धको दिवसमा उपस्थित नगर प्रमुख, उपप्रमुख लगायत अन्य सहभागीहरु*

## २.१२ महिला तथा बालबालिका शाखाबाट सम्पादन भएका कार्यहरु :

| क्र.सं. | कार्यक्रमको नाम | स्थान | सहभागी | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | अन्तराष्ट्रिय बाल अधिकार दिवशको अवसरमा नि.मा.वि स्तरीय हाजिरीजवाफ प्रतियोगिता । | मेलम्ची न.पा. ६ | | | ७ टिम |
| २ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम स्थानीय गैससहरुको समन्वयमा चेतनामुलक पर्चा वितरण र फ्लेक्सबोर्ड राखिएको । | मेलम्ची न.पा.का १३ वटै वडाहरु | | | |
| ३ | अन्तराष्ट्रिय अपाङ्ग दिवश नेत्र हिन संघको आयोजनामा नगरस्तरमा अन्तरक्रिया कार्यक्रम । | मेनपा अर्न्तगतका सबै वडाका सहभागीहरु | | | |
| ४ | नगरस्तरमा एकल महिलाहरुको छलफल, अन्तरक्रिया र सञ्जाल गठन । | मेलम्ची नगरपालिका | २९ | - | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | समिति गठन | मेनपा २ र ५ | | | २ |
| ६ | समूह गठन | मेनपा २ र ५ | १२६ | - | १२६ |
| ७ | समूह सदस्यको अनुशिक्षण | मेनपा २ र ५ | ३५ | - | ३५ |
| ८ | समूह सदस्यको ३ दिने अनुशिक्षण कार्यक्रम | मेनपा ५ | ३५ | - | ३५ |
| ९ | समूह/समिति/संस्थाका अध्यक्ष र प्रतिनिधीहरुबीच एक दिने चौमासिक अर्न्तक्रिया गोष्ठी | मेनपा | १७ | - | १७ |
| १० | नेतृत्व तथा संस्थागत विकासको पाँच दिने कार्यक्रम | मेनपा | १७ | - | १७ |

## २.१३ ज्येष्ठ नागरिक परिचयपत्र वितरण :

मेलम्ची नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखाबाट आ.व. २०७५/७६ को प्रथम चौमासिकमा ६० वर्ष उमेर पूरा गरेका नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई देहाय बमोजिम ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्य सम्पन्न गरिएको छ ।

तपशिल

| महिना | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| श्रावण | ५ | ५ | १० |
| भाद्र | ३ | ३ | ६ |
| असोज | ६ | १ | ७ |
| कार्तिक | - | ५ | ५ |
| मंसिर | ३ | ८ | ११ |
| पौष | ५ | ३ | ८ |
| जम्मा | २२ | २५ | ४७ |

## २.१४ नगर शिक्षा नीति तथा योजना निर्माण सम्बन्धी गोष्ठी सम्पन्न :

मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०७५ असोज १३ र १४ गते नगर शिक्षा नीति तथा योजना निर्माण सम्बन्धी गोष्ठी सम्पन्न गरियो । उक्त गोष्ठीमा नगरपालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षक संघ संगठनका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरु, श्रोत व्यक्ति, गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधि लगायत शिक्षा शाखाका कर्मचारीहरुको उपस्थिति रहेको थियो । दुई दिनसम्म संचालन भएको उक्त गोष्ठिबाट मेलम्ची नगरपालिकाले तर्जुमा गर्न लागेको नगर शिक्षा नीति र विद्यालय सुधार तथा व्यवस्थापनका योजना निर्माण सम्बन्धमा आवश्यक छलफल तथा अन्तरक्रिया गरियो । उक्त कार्यक्रमको लजिस्टिक सहयोग चाइल्ड नेपालले गरेको थियो ।






*नगर शिक्षा नीति तथा योजना निर्माण सम्बन्धी गोष्ठिका सहभागीहरु*

**शिक्षा, युवा तथा खेलकुद शााखाबाट सम्पन्न भएका क्रियाकलापहरु :**

| क्र.स. | क्रियाकलापको नाम | विधि | प्रमुख उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको गुरु योजना र नगरको पञ्च बर्षिय शैक्षिक योजनाको लागि विषय वस्तु छनौट | मस्यौदा तथा सन्दर्भ सामग्री अध्ययन, नेपाल शिक्षक महासंघ मेलम्ची नगर कार्य समितिसँग सुझाव माग | नगर शैक्षिक योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने | |
| २ | नगर शिक्षा ऐन विधेयकमाथि शिक्षा शाखा र नेपाल शिक्षक महासंघ मेलम्ची नगर कार्य समितिको संयुक्त बैठक | दफावार छलफल | नगर शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने | |
| ३ | ससर्त अनुदान निकासा | विद्यार्थी संख्याको आधारमा, एकमुस्ट, शीर्षक गत अनुदान रकम र कार्यान्वयन विधि सहितको पत्रकासाथ | अनुदान रकमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने | |
| ४ | विद्यालय अनुगमन | स्थलगत भ्रमण, अवलोकन | विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धिमा सहयोग पुग्ने | ५ पटक |
| ५ | विद्यालय कर्मचारी, | पत्राचार, विवरण संकलन | विवरण अद्यावधिकको | |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय सहयोगी र सुविधा लिन चाहने अस्थायी शिक्षकहरुको विवरण तोकिएको समय भित्र शिक्षा विकास तथा समन्वय इकाइ, चौतारा पठाएको | | लागि सहयोग पुग्ने | |
| ६ | बहु कक्षा बहु शिक्षण सम्बन्धी तालिममा शिक्षकहरुलाई सहभागी गराएको | पत्राचार | विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धिमा सहयोग पुग्ने | ४ जना, काभ्रेको बडाल गाउँमा |
| ७ | अभिमुखिकरण कार्यक्रममा सहभागिता | प्रदेश सरकारबाट आयोजित | कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने | २ पटक ( १. स्रोतव्यक्ति, २. शाखा प्रमुख) |
| ८ | प्र.अ. बैठक सञ्चालन | स्रोतकेन्द्रगत, समसामयिक शैक्षिक विषयमा छलफल | विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने | |
| ९ | सिफारिस उपलब्ध गराएको (एक विद्यालयलाई स्वच्छ पिउने पानीको लागि, इन्द्रावती क्याम्पसलाई सबलीकरण अनुदान र परिक्षा केन्द्र सञ्चालनको लागि) | अनुरोध पत्र अध्ययन, पत्राचार | नगरपालिकाका शिक्षण संस्थाहरु सबलीकरणमा सहयोग पुग्ने | |
| १० | करारमा शिक्षक र विद्यालय कर्मचारी नियुक्तीको लागि अनुमति | अनुरोध पत्र अध्ययन, पत्राचार | विद्यालयको जनशक्ति व्यवस्थापनमा सहयोग पुग्ने | |
| ११ | प्रस्तावना माग (विज्ञान प्रयोगशाला, वास सहितको शौचालय, पुस्तकालय र सूचना तथा सञ्चार प्रविधि व्यवस्थापन) | सूचना टाँस (सूचना पाटी, वेबसाइट), बैठक मार्फत जानकारी | समानुपातिक वितरण, समावेसी सहभागिता, पारदर्शिताको लागि सहयोग पुग्ने | |
| १२ | विद्यालय अनुगमन | विद्यार्थी सिकाई उपलब्धि | प्रभावकारी शिक्षण | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रश्न सहित अनुगमन साधनका माध्यमबाट विद्यालयको प्रशासनिक, भौतिक तथ्याकं र विद्यार्थी सिकाई उपलव्धि सम्बन्धी पक्षहरुको अनुगमन तथा निरीक्षण । | सिकाईमा सहयोग पुर्याउने । विद्यार्थी सिकाई उपलव्धीमा अभिबृद्धी गर्ने । | |
| १३ | आ. व. २०७५/२०७६को कार्यक्रम कार्यान्वयन अभिमुखीकरण | प्रस्तुतीकरण, छलफल, अर्न्तकृया | विधालय स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरु बारे सरोकारवालाहरु लाई सूचित गर्ने । कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धी गरि सम्बन्धीत तहको भूमिका स्पष्ट्र गरी जिम्वेवार र जवाफदेही बनाउने । | ३ दिन |
| १४ | भषा आयोगा लाई सहजीकरण | पत्राचार, छलफल, विद्यालय सगं सम्पर्क | भषा आयोग बाट खटिई आउने टोलीलाई आवश्यक सहयोग र सहजीकरण गर्ने । | |
| १५ | सामुदायिक सिकाई केन्द्रको बैठक | छलफल तथा अर्न्तकृयात्मक | सामुदायिक सिकाई केन्द्रको प्रवोधीकरण गर्ने । सिपमूलक कार्यक्रम संञ्चालन गर्ने । सामुदायिक सिकाई केन्द्रको नवीकरण गर्ने । | |

## २.१५ शिक्षा शाखा अन्तर्गत योजनाको प्रगति विवरण :

| क.सं. | विद्यालयको नाम, ठेगाना | कार्यक्रम | प्रथम चौमासिकमा निकासा भएको बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनता मा.वि., वडा नं. ९ | जग्गा खरिद | १०,०००,००।- | |
| २ | श्री जालपा देवी मा.वि., वडा नं १२ | विज्ञान प्रयोगशाला तथा फर्निचर | २५,००,०००।- | |
| ३ | श्री भैरवी देवी आ.वि., वडा नं. ११ | जग्गा खरिद | ५,००,०००।- | |

**विद्यालयको विवरण र भवनको अवस्था :**

(क) मेलम्ची नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालहरुको विवरण :

| क्र.सं | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | भवनको अवस्था |
|---|---|---|---|---|
| १ | ईन्द्रेश्वरी मा.वि. | मेनपा ११ | १-१२ | ४६ कोठे भवन |
| २ | जागेश्वरी प्रा.वि. | मेनपा ११ | १-५ | ४ कोठे भवन |
| ३ | जनजागृती मा.वि. | मेनपा ११ | १-१० | १२ कोठे भवन |
| ४ | डडुवा प्रा.वि. | मेनपा ११ | १-५ | ९ कोठे भवन निर्माणाधिन |
| ५ | पञ्चकन्या प्रा.वि. | मेनपा ११ | १-३ | २ कोठे भवन |
| ६ | भैरवी देवी प्रा.वि. | मेनपा ११ | १-५ | ४ कोठे भवन निर्माणाधिन |
| ७ | महेन्द्र प्रिया आ.वि. | मेनपा ११ | १-८ | |
| ८ | जाल्पा देवी मा.वि. | मेनपा १२ | १-१२ | १२ कोठे भवन रहेको मर्मत हुनुपर्ने |
| ९ | सिद्धि गणेश प्रा.वि. | मेनपा १२ | १-३ | ४ कोठे भवन |
| १० | भञ्ज्याङ्ग प्रा.वि. | मेनपा १२ | १-३ | |
| ११ | कालिका देवी मा.वि. | मेनपा १२ | १-१० | १४ कोठे भवन |
| १२ | सरस्वती प्रा.वि. थाक्ले | मेनपा १२ | १-५ | ४ कोठे भवन |
| १३ | शिवशंकरेश्वर प्रा.वि. | मेनपा १२ | १-५ | ९ कोठे भवन निर्माणाधिन |
| १४ | महाकाली मा.वि. | मेनपा १२ | १-१० | १४ कोठे भवन |
| १५ | लालीगुराँस प्रा.वि. | मेनपा १२ | १-५ | ४ कोठे भवन |
| १६ | सरस्वती प्रा.वि. | मेनपा १२ | १-३ | ६ कोठे भवन |
| १७ | शितलादेवी मा.वि. | मेनपा १० | १-१० | १० कोठे भवन |
| १८ | खडिकादेवी प्रा.वि. | मेनपा १० | १-३ | ४ कोठे भवन |
| १९ | बिपीस्मृति प्रा.वि. | मेनपा १० | १-५ | १२ कोठे भवन |
| २० | हिरा देवी नि.मा.वि. | मेनपा १० | १-८ | १० कोठे भवन |
| २१ | लोकतन्त्र प्रा.वि. | मेनपा १० | १-५ | ९ कोठे भवन |
| २२ | क्षेत्रपालेश्वरी निमावि | मेनपा १० | १-८ | ६ कोठे भवन |
| २३ | भुमेस्थान निमावि | मेनपा १० | १-८ | १६ कोठे भवन |
| २४ | बालसुधार मा.वि. | मेनपा ७ | १-१२ | १७ कोठे भवन |
| २५ | प्रज्ञा आधारभूत | मेनपा ७ | १-५ | ६ कोठे भवन |
| २६ | ज्योतिभञ्ज्याङ्ग आ.वि. | मेनपा ७ | १-८ | १२ कोठे भवन |
| २७ | जलवाईदेवी मा.वि. | मेनपा ८ | १-१० | १३ कोठे भवन |

| | | | | |
|---|---|---|---|---|
| २८ | लामागाउँ आ.वि. | मेनपा ८ | १-४ | ८ कोठे भवन |
| २९ | जनता मा.वि. | मेनपा ९ | १-१० | १२ कोठे भवन |
| ३० | रक्तकाली प्रा.वि. | मेनपा ९ | १-५ | ८ कोठे भवन |
| ३१ | सातकन्या मा.वि. | मेनपा ९ | १-१० | १२ कोठे भवन |
| ३२ | गोल्मेश्वरी निमावि | मेनपा ९ | १-८ | १० कोठे भवन |
| ३३ | तीनकन्या प्रा.वि. | मेनपा ९ | १-३ | ३ कोठे भवन |
| ३४ | पञ्चकन्या प्रा.वि. | मेनपा ९ | १-५ | ४ कोठे भवन |
| ३५ | क्यौलेठाना निमावि | मेनपा ९ | १-८ | १० कोठे भवन |
| ३६ | तेर्से मावि | मेनपा ६ | १-१२ | १८ कोठे भवन |
| ३७ | पञ्चकन्या आ.वि. | मेनपा ६ | १-८ | ६ कोठे भवन |
| ३८ | जगेश्वरी आ.वि. | मेनपा ६ | १-८ | ९कोठे भवन |
| ३९ | बतासे मा.वि. | मेनपा ६ | १-१० | १२ कोठे भवन |
| ४० | सूर्योदय आ.वि. | मेनपा ६ | १-३ | ४ कोठे भवन |
| ४१ | कोलेचौर आ.वि. | मेनपा ६ | १-३ | ४ कोठे भवन |
| ४२ | फटकशिला मा.वि. | मेनपा १३ | १-१२ | १६ कोठे भवन |
| ४३ | कालिका चेतना मा.वि. | मेनपा १३ | १-१० | १२ कोठे भवन |
| ४४ | चण्डेश्वरी आ.वि. | मेनपा १३ | १-५ | ८ कोठे भवन |
| ४५ | पब्लिक आ.वि. | मेनपा १३ | १-५ | ४ कोठे भवन |
| ४६ | सरस्वती मा.वि. | मेनपा १ | १-१२ | ८ कोठे भवन |
| ४७ | सेतिका देवी मा.वि. | मेनपा १ | १-१० | ८ कोठे भवन |
| ४८ | जलश्वरी आ.वि. | मेनपा १ | १-८ | |
| ४९ | सिंगेश्वरी आ.वि. | मेनपा १ | १-३ | ४ कोठे भवन |
| ५० | जल्केश्वरी आ.वि. | मेनपा १ | १-३ | ७ कोठे भवन |
| ५१ | सिद्धि गणेश आ.वि. | मेनपा १ | १-३ | ३ कोठे भवन |
| ५२ | शिवपुरी आ.वि. | मेनपा १ | १-३ | |
| ५३ | जाल्पा देवी मा.वि. | मेनपा २ | १-१२ | १२ कोठे भवन |
| ५४ | निबु गाउँ आ.वि. | मेनपा २ | १-५ | ५ कोठे भवन |
| ५५ | मनकामना आ.वि. | मेनपा २ | १-३ | ४ कोठे भवन |
| ५६ | हैबुङ्ग महादेवस्थान मा.वि. | मेनपा ३ | १-१० | १० कोठे भवन |

| | | | | |
|---|---|---|---|---|
| ५७ | कालिकाशरण आ.वि. | मेनपा ३ | १-८ | १४ कोठे भवन |
| ५८ | थुङ्गेडाँडा आ.वि. | मेनपा ३ | १-५ | ५ कोठे भवन |
| ५९ | कृष्ण मावि. | मेनपा ४ | १-१२ | १२ कोठे भवन |
| ६० | ठूलो थकनी मा.वि. | मेनपा ४ | १-१० | १८ कोठे भवन |
| ६१ | धौलेश्वरी आ.वि. | मेनपा ४ | १-८ | ८ कोठे भवन |
| ६२ | थानाभञ्ज्याङ्ग आ.वि. | मेनपा ४ | १-८ | ६ कोठे भवन |
| ६३ | डिही आ.वि. | मेनपा ४ | १-५ | ६ कोठे भवन |
| ६४ | चिप्लिङ्ग आ.वि. | मेनपा ४ | १-३ | ३ कोठे भवन |
| ६५ | साल्मे आ.वि. | मेनपा ४ | १-३ | ४ कोठे भवन |
| ६६ | सिन्धुपुरानागाउँ मा.वि. | मेनपा ५ | १-१२ | |
| ६७ | कालिका आ.वि. | मेनपा ५ | १-५ | ३ कोठे भवन |
| ६८ | कालिका आ.वि | मेनपा ५ | १-५ | ३ कोठे भवन |
| ६९ | महादेवस्थान आ.वि. | मेनपा ५ | १-३ | ४ कोठे भवन |
| ७० | भुमेश्वरी आ.वि. | मेनपा ५ | १-३ | २ कोठे भवन |

(क) मेलम्ची नगरपालिका अन्तर्गतका निजी विद्यालहरुको विवरण :

| क्र.सं | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | भवनको अवस्था |
|---|---|---|---|---|
| १ | प्रगती अंग्रेजी माध्यामिक विद्यालय | मेलम्ची नपा ११ | नर्सरी देखि कक्षा १० सम्म | |
| २ | कम्युनिटी अंग्रेजी माध्यामिक विद्यालय | मेलम्ची नपा ११ | नर्सरी देखि कक्षा १० सम्म | |
| ३ | समता शिक्षा निकेतन | मेलम्ची नपा ११ | नर्सरी देखि कक्षा १० सम्म | |
| ४ | सुनकोशी बोर्डिङ्ग स्कूल | मेलम्ची नपा ४ | नर्सरी देखि कक्षा ९ सम्म | |
| ५ | लिटिलस्टार बोर्डिङ्ग स्कूल | मेलम्ची नपा ८ | नर्सरी देखि कक्षा ३ सम्म | |
| ६ | जुगल हिमाल बोर्डिङ्ग स्कूल | मेलम्ची नपा ८ | नर्सरी देखि कक्षा २ सम्म | |
| ७ | त्रिशक्ति एकेडेमी | मेलम्ची नपा ९ | नर्सरी देखि कक्षा १ सम्म | |

| | | | | |
|---|---|---|---|---|
| ८ | जे.एच.पी. एकेडेमी | मेलम्ची नपा १० | नर्सरी देखि कक्षा १ सम्म | |
| ९ | न्यूटन बोर्डिङ्ग स्कूल | मेलम्ची नपा १२ | नर्सरी देखि कक्षा ५ सम्म | |
| १० | आदर्शज्योती इग्लिस स्कूल | मेलम्ची नपा १३ | नर्सरी देखि कक्षा ५ सम्म | |

### २.१६ न्यायिक कार्यको सम्पादन :

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र (२) मा भएको व्यवस्था मोजिमका मुद्धा मामिलाहरुको फैसला तथा मेलमिलाप गर्नको लागि नगरपालिकाको दोश्रो नगरसभाबाट उपप्रमुख भगवती नेपालको संयोजकत्वमा कार्यपालिका सदस्य श्री लुमडीराज खतिवडा र पासाङ तामाङ समेतको तीन सदस्यीय न्यायिक समितिको गठन गरिएको छ । न्यायिक समितिमा आ.व. २०७५/७६ मा झै-झगडा, अंश मुद्धा, पारिपारिक समस्या लगायत नौ वटा उजुरीहरु दर्ता भएकोमा उक्त समितिबाट चार वटा उजुरी तथा विवादहरुको किनारा लागेको र बाँकी पाँच वटा उजुरीहरु विचाराधीन अवस्थामा रहेको छ । नगरपालिकाबाट सम्पादन हुने न्यायिक कार्यलाई व्यवस्थित, पारदर्शी र मेलमिलापका माध्यमाबाट विवाद समाधान गर्न नगरपालिका अन्तर्गतका १३ वटै वडाहरुमा मेलमिलाप कर्ताहरुको सूची तयार गर्नुका साथै मिति २०७५।८।२३ देखि मिति २०७५।९।२ गतेसम्म न्याय सम्पादन तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ भने नगरका एघार जना मेलमिलापकर्ताहरुलाई आधारभूत तालिम प्रदान गरिएको छ । यस कार्यबाट वडामा रहेका मेलमिलापकर्ताहरुबाट वडागत वादविवाद, मुद्धा मामिला तथा उजुरीहरुको छिटो छरितो ढंङ्गबाट समस्या समाधान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### २.१७ कर्मचारी पदपूर्ति :

चालु आ.व.२०७५/७६ को प्रथम चौमासिकमा मेलम्ची नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा रही कार्य गर्नको लागि अनमी संख्या ४, अहेब संख्या २, ब्याक हो लोडर अपरेटर संख्या १, कार्यालय सहयोगी संख्या ८ र ग्रिन सिटी पार्क हेरालु संख्या १ गरी १६ जना कर्मचारीहरुको सेवा करारबाट पदपूर्ति गरिएको छ ।

### २.१८ पशु सेवा कार्यक्रम संचालन :

मेलम्ची नगरपालिका अन्तर्गतको पशु सेवा शाखाबाट चालु आ.व.२०७५/७६ को पौष मसान्तसम्म तपशिल बमोजिमको कार्यक्रम तथा सेवा प्रदान गर्ने कार्य सम्पन्न गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रमको विवरण | संख्या/इकाई | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल उपचार सेवा | ३१५५ | |
| २ | माईनर सर्जिकल उपचार | १६४ | |

| | | | |
|---|---|---|---|
| ३ | गाइनोलोजिकल उपचार सेवा | २३७ | |
| ४ | पशु बन्ध्याकरण | २०७ | |
| ५ | गोबर परिक्षण सेवा | २४२ | |
| ६ | कृत्रिम गर्भाधान सेवा | | |
| ६.१ | गाई | ३३० | |
| ६.२ | भैंसी | १३९ | |
| ७ | जै घाँसको बिउ वितरण | २५०० के.जी. | सबै वडाका कृषकहरुलाई |
| ८ | भेच घाँसको बिउ वितरण | ५०० के.जी. | सबै वडाका कृषकहरुलाई |

**(क) तालिम सम्पन्न :**

मेलम्ची नगरपालिका अन्तर्गत रहेको पुश सेवा शाखाबाट मिति २०७५ पौष ८ गते देखि १० गतेसम्म गाईभैंसी पालन सम्बन्धि तीन दिने तालिम सम्मन्न गरियो । उक्त तालिममा मेलम्ची नगरपालिका अन्तर्गतका वडाका समूह, समिति र व्यवसायिक पशु पालन फर्मका २७ जना कृषकहरु सहभागी भएका थिए । उक्त तालिमको उद्घान मेलम्ची नगरपालिकाका उप-प्रमुख भगवती नेपालले गर्नुभएको थियो भने मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवी प्रसाद थपलियाले आफ्नो मन्तव्य राख्नु भएको थियो ।

त्यसैगरी पशु सेवा शाखाबाट मिति २०७५ पौष ११ देखि १३ गतेसम्म तीन दिने बाख्रापालन सम्बन्धि तालिम सम्पन्न गरियो । उक्त तालिममा कृषक समूह, समिति र व्यवसायिक पशुपालन फर्मका २९ जना कृषकहरु सहभागि भएका थिए ।





***मेलम्ची नगरपालिका उप-प्रमुख भगवती नेपाल बाख्रापालन तालिममा मन्तव्य राख्नुहुँदै***

## २.१९ केउरेनी स्वास्थ्य संस्था संचालन :

मेलम्ची नगरपालिका वडा नं. ८, केउरेनीमा केउरेनी स्वास्थ्य संस्था संचालनमा आएको छ। उक्त संस्था मेलम्ची नगरपालिकाका उप-प्रमुख भगवती नेपालले मिति २०७५।७।२५ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो । स्वास्थ्य संस्थाको संचालन पश्चात वडा नं. ८ र आसपासका सेवाग्राहीहरुले सजिलैसंग स्वास्थ्य सेवा लिन सक्नेछन् ।

## २.२० योग शिविर संचालन :

मेलम्ची नगरपालिका अन्तर्गतको स्वास्थ्य (आयुर्वेद) शाखाको आयोजनामा मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र अन्य ईच्छुक नगरवासीहरुको लागि मिति २०७५।७।११ देखि २०७५।७।१५ गतेसम्म योग शिविर संचालन गर्ने कार्य सम्पन्न गरियो। पाँच दिनसम्म संचालन भएको योग अभ्यास तथा योग प्रशिक्षण कार्यक्रमको उद्घाटन मेलम्ची नगरपालिकाका प्रमुख डम्बर बहादुर अर्यालले गर्नु भएको थियो भने उक्त योग अभ्यास योग गुरु उत्तम दाहलले संचालन गराउँनुभएको थियो । योग अभ्यासबाट मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सर्वसाधारणहरुलाई स्वस्थ रहनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।






## २.२१ स्वास्थ्य शाखाबाट सम्पादन भएका अन्य कार्यहरु :

- स्वास्थ्य शाखा स्टोर व्यवस्थापन
- राष्ट्रिय आरोग्य तथा धन्वन्तरी जयन्ती सम्पन्न
- औषधि खरिद प्रक्रिया सम्पन्न
- न्यानो झोला खरिद प्रक्रिया सम्पन्न
- राष्ट्रिय भिटामिन ए र जुकाको औषधि तथा बालभिटा वितरण कार्यक्रम सम्पन
- अनमी तथा अहेब छनौट प्रक्रिया सम्पन्न
- एकिकृत सेवा केन्द्र संचालन भएको ।
- क्षयरोग तथा चौमासिक गोष्ठि सम्पन्न

- नगरपालिका अन्तर्गतका शिखरपुर, ज्यामिरे र थकनी स्वास्थ्य चौकी नेपाल रेडक्रस सोसाइटीबाट हस्तान्तरण भई प्राप्त भएको
- आयुर्वेद औषधि खरिद प्रक्रिया सम्पन्न
- मेडिक मोबाइल तालिम सम्पन्न

**मेलम्ची नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको विवरण :**

(क) सरकारी स्वामित्व :

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | प्रदान गरिएको मुख्य सेवा |
|---|---|---|---|
| १ | भोटेचौर स्वास्थ्य चौकी | मेलम्ची न.पा. १ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा (बर्थिङ्ग), क्षयरोग सेवा आदि सेवाहरु |
| २ | हैबुङ्ग स्वास्थ्य चौकी | मेलम्ची न.पा. ३ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा, क्षयरोग सेवा आदि सेवाहरु |
| ३ | थकनी स्वास्थ्य चौकी | मेलम्ची न.पा. ४ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| ४ | सिन्धकोट स्वास्थ्य चौकी | मेलम्ची न.पा. ५ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा (बर्थिङ्ग), क्षयरोग सेवा आदि सेवाहरु |
| ५ | तलामाराङ स्वास्थ्य चौकी | मेलम्ची न.पा. ६ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| ६ | दुवाचौर स्वास्थ्य चौकी | मेलम्ची न.पा. ७ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा (बर्थिङ्ग), क्षयरोग सेवा आदि सेवाहरु |
| ७ | केउरेनी स्वास्थ्य इकाई | मेलम्ची न.पा. ८ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| ८ | ज्यामिरे स्वास्थ्य चौकी | मेलम्ची न.पा. ९ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| ९ | शिखरपुर स्वास्थ्य चौकी | मेलम्ची न.पा. १० | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |

| | | | |
|---|---|---|---|
| १० | मेलम्ची प्राथमिक स्वास्थ्य चौकी | मेलम्ची न.पा. ११ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा (बर्थिङ्ग), क्षयरोग सेवा, एक्स रे, लयाब, गर्भपतन, पोष्टमार्टम आदि सेवाहरु । |
| ११ | बाँसवारी स्वास्थ्य चौकी | मेलम्ची न.पा. १२ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| १२ | फटकशिला स्वास्थ्य चौकी | मेलम्ची न.पा. १३ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| १३ | कटुञ्जे शहरी स्वास्थ्य केन्द्र | मेलम्ची न.पा. ११ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, खोप सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| १४ | सुनखानी शहरी स्वास्थ्य केन्द्र | मेलम्ची न.पा. ९ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा क्षयरोग सेवा आदि सेवाहरु |
| १५ | पिप्ले एकिकृत सेवा केन्द्र | मेलम्ची न.पा. ४ | बहिरङ्ग सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा (बर्थिङ्ग), क्षयरोग सेवा, आयुर्वेद सेवा, पशु सेवा, कृषि सेवा आदि । |
| १६ | जरायोटार आयुर्वेद औषधालय | मेलम्ची न.पा. ११ | आयुर्वेद सेवा |
| (ख) निजी स्वामित्व : | | | |
| १६ | चिरञ्जिवी मोडेल अस्पताल | मेलम्ची न.पा. ११ | बहिरङ्ग तथा अन्तरङ्ग सेवा |
| १७ | मेलम्ची पोलीक्लिनिक | मेलम्ची न.पा. ११ | बहिरङ्ग तथा अन्तरङ्ग सेवा |
| (ग) सामुदायिक स्वामित्व | | | |
| १८ | बहुनेपाटी स्वास्थ्य केन्द्र ( धुलिखेल) | मेलम्ची न.पा. १२ | बहिरङ्ग तथा अन्तरङ्ग सेवा |
| १९ | सामुदायिक स्वास्थ्य केन्द्र भोटेचौर | मेलम्ची न.पा. १ | बहिरङ्ग तथा अन्तरङ्ग सेवा |
| २० | सामुदायिक स्वास्थ्य केन्द्र नौलिङ्ग, ज्यामिरे | मेलम्ची न.पा. ९ | बहिरङ्ग तथा अन्तरङ्ग सेवा |

**२.२२ मेलम्ची नगरपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत संचालन भएका योजनाको प्रगति विवरण :**

**(१) मेलम्ची नगरपालिका अन्तर्गत आ.व. २०७५/७६ को पौष मसान्तसम्म वडागत रुपमा कार्यान्वयन भएका योजनाहरुको विवरण :**

| क्र.सं. | वडा नं | विनियोजित योजना संख्या | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना संख्या | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ८ | ६ | ४ | ४ | - | १ |
| २ | २ | १२ | ९ | ७ | ७ | - | २ |
| ३ | ३ | १७ | १६ | १६ | १६ | - | ५ |
| ४ | ४ | १६ | १४ | १४ | १४ | १ | ४ |
| ५ | ५ | ११ | ८ | ७ | ७ | - | - |
| ६ | ६ | १४ | ९ | ६ | ६ | - | ३ |
| ७ | ७ | १९ | १३ | १३ | १३ | १ | - |
| ८ | ८ | २३ | २० | १८ | १८ | १ | - |
| ९ | ९ | २२ | १८ | १६ | १६ | - | ३ |
| १० | १० | १३ | ११ | ११ | ११ | - | १ |
| ११ | ११ | १८ | १८ | १४ | १४ | - | १ |
| १२ | १२ | १३ | ११ | ११ | ११ | - | ४ |
| १३ | १३ | ६ | ६ | ५ | ५ | १ | २ |
| जम्मा | | १९२ | १५९ | १४२ | १४२ | ४ | २६ |

**(२) मेलम्ची नगरपालिकाबाट आ.व. २०७५/७६ को पौष मसान्तसम्म कार्यान्वयन भएका योजनाहरुको विवरण :**

| क्र.सं. | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना संख्या | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|
| **१** | ७ | ७ | ७ | १ | ६ |
| **जम्मा** | **७** | **७** | **७** | **१** | **६** |

**(३) मेलम्ची नगरपालिका अन्तर्गत कार्यान्वयन हुने गरी प्रदेश सरकारबाट विनियोजन भएका योजनाहरुको आ.व. २०७५/७६ को पौष मसान्तसम्मको विवरण :**

| क्र.सं. | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका |
|---|---|---|---|---|---|

| | | | संख्या | | योजना संख्या |
|---|---|---|---|---|---|
| **१** | ३ | २ | २ | १ | - |
| **जम्मा** | ३ | २ | २ | १ | - |

**(४) मेलम्ची नगरपालिकाको मर्मत संभार कोषबाट भुक्तानी हुने आ.व. २०७५/७६ को पौष मसान्तसम्मको योजनाहरुको विवरण :**

| क्र.सं. | वडा नं | जम्मा योजना संख्या | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना संख्या | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १ | - | - | - | - | - | - |
| २ | २ | १ | १ | १ | १ | - | १ |
| ३ | ३ | १ | १ | १ | १ | - | १ |
| ४ | ४ | १ | १ | १ | १ | - | १ |
| ५ | ५ | १ | १ | १ | १ | - | - |
| ६ | ६ | १ | १ | १ | १ | - | १ |
| ७ | ७ | १ | १ | १ | १ | - | - |
| ८ | ८ | १ | १ | १ | १ | - | - |
| ९ | ९ | १ | १ | १ | १ | - | - |
| १० | १० | १ | १ | १ | १ | - | - |
| ११ | ११ | १ | १ | १ | १ | - | - |
| १२ | १२ | १ | १ | १ | १ | - | - |
| १३ | १३ | १ | १ | १ | १ | - | १ |
| जम्मा | | १२ | | १२ | १२ | - | ५ |

**(५) UNDP संगको साझेदारीमा कार्यान्वयन भएका आ.व. २०७५/७६ को पौष मसान्तसम्मको योजनाहरुको विवरण :**

| क्र.सं. | वडा नं | जम्मा योजना संख्या | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना संख्या | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | १ | १ | १ | १ | १ | - | - |
| २ | २ | १ | १ | १ | १ | - | - |
| ३ | ३ | - | - | - | - | - | - |
| ४ | ४ | ३ | ३ | ३ | ३ | - | - |
| ५ | ५ | १ | १ | १ | १ | - | - |
| ६ | ६ | ३ | ३ | ३ | ३ | - | - |
| ७ | ७ | - | - | - | - | - | - |
| ८ | ८ | - | - | - | - | - | - |
| ९ | ९ | - | - | - | - | - | - |
| १० | १० | - | - | - | - | - | - |
| ११ | ११ | ४ | ४ | ३ | ३ | - | - |
| १२ | १२ | १ | १ | १ | १ | - | - |
| १३ | १३ | - | - | - | - | - | - |
| जम्मा | | १४ | १४ | १३ | १३ | - | - |

**(६) क्रसर उद्योग प्रभावित क्षेत्र अन्तर्गत कार्यान्वयन भएका आ.व. २०७५/७६ को पौष मसान्तसम्मको योजनाहरुको विवरण :**

| क्र.सं. | वडा नं | जम्मा योजना संख्या | दर्ता भएको योजना संख्या | सम्झौता भएका योजना संख्या | कार्यादेश भएका योजना संख्या | रनिङ्ग बिल भुक्तानी भएका योजना संख्या | अन्तिम बिल भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|---|---|
| **१** | **१२** | **६** | **६** | **६** | **६** | **-** | **३** |
| **२** | **१३** | **-** | **-** | **-** | **-** | **-** | **-** |
| **जम्मा** | | **६** | **६** | **६** | **६** | **-** | **३** |

**(७) मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को पौष मसान्तसम्म ठेक्का बन्दोबस्तबाट संचालन भएका योजनाहरुको विवरण :**

| क्र.सं. | योजनाको नाम, ठेगाना | कूल ठेक्का अङ्क | योजनाको प्रकृति | योजनाको हालको प्रगती अवस्था | रनिङ्ग बिल भुक्तानी रकम | अन्तिम बिल भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका भवन निर्माण | ४०३७७६७४ | भवन निर्माण | ९०% | ३६१२४७३४ | - |
| २ | नगरपालिका कार्यालयसम्मको | २१७५७९६३ | सडक निर्माण | ४०% | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सडक निर्माण | | | | | |
| ३ | फटकशिला खानेपानी निर्माण | ४८५५२६८ | खनेपानी निर्माण | ९०% | १८७९४६० | - |
| ४ | अस्थायी वडा कार्यालय निर्माण ( वडा नं.७ ) | १८४३६९७ | व्डा कार्यालय निर्माण | १००% | - | १८३९९७४ |
| ५ | फटकशिला खानेपानी ईलेक्ट्रिकल तथा मेकानिकल कार्य | ३०५५७९१ | ईलेक्ट्रिकल तथा मेकानिकल कार्य | सम्झौता भई कार्य प्रारम्भ गरिएको | - | - |

## २.२३ सार्वजनिक जग्गा संरक्षण :

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित स्थानीय तहको भएको हुँदा सोही ऐनमा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका वडा नं. ११ स्थित गैराबगर क्षेत्रमा २७ रोपनी, मेलम्ची नगरपालिका वडा नं. ११ को सिम्ले बगर क्षेत्रमा ७४ रोपनी ८ आना, सोही वडाको बगैंचा भन्ने क्षेत्रमा (होटल रिभर साइडको पछाडि रहेको बगर) ५७ रोपनी, मेलम्ची नगरपालिका वडा नं. १२ र १३ मा संचालित क्रसर उद्योगहरुले हाल प्रयोग गरिरहेको ३३८ रोपनी १३ आना गरी कूल जम्मा ४९७ रोपनी ५ आना सार्वजनिक जग्गा छुट्टयाउने कार्य सम्पन्न भएको छ भने उक्त स्थानमा ३ फिट लामो फलामे पोल गाडी घेराबार गरिएको छ । त्यसैगरी मेलम्ची नगरपालिका वडा नं. ७ मा खेलकुद मैदान निर्माणका लागि जग्गाको नाँपजाँच र वडा नं. ८ को वडा कार्यालय निर्माणको लागि जग्गा नाँपजाँच गर्ने कार्य सम्पन्न गरिएको छ ।





*जग्गा नाप जाँच गरि सिमाङ्कनको लागि फलामको पोल गाड्ने कार्य हुँदै*

## २.२४ खानेपानी निर्माण :

मिति २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्प पश्चात खानेपानीको मुहना तथा श्रोतहरु सुक्न गई नगरपालिकाका केही वडाहरुमा खानेपानीको गम्भिर समस्या उत्पन्न हुन गएकोले मेलम्ची नगरपालिका वडा नं. १३, फटकशिलामा खानेपानी निर्माणको लागि नगरपालिकाबाट आ.व. २०७५/७६ मा रु.एक करोड बजेट विनियोजन भई फटकशिला खानेपानी योजनाको निर्माण कार्य भईरहेको छ । हाल उक्त योजनाको पानी वितरण ट्याङ्की निर्माण तथा खानेपानी धारा निर्माणको लागि सर्वेक्षण कार्य सम्पन्न भइरहेको छ । उक्त योजाना निर्माण पश्चात मेलम्ची न.पा. वडा नं. १३ का सम्पूर्ण स्थानीय जनताहरुलाई खानेपानीको सुविधा पुग्नेछ । नगरपालिकाका अन्य वडाहरुमा खानेपानी निर्माणको लागि सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, नेपाल रेडक्रस सोसाइटी, हेल्भेटास नेपाल लगायतका संघ/संस्थाले नगरपालिकासंग समन्वय गरी कार्य अघि बढाएका छन् ।





*मेलम्ची न.पा. वडा नं १३ मा निर्माणधिन अवस्थामा रहेको खनेपानी ट्याङ्की*

## २.२५ नगरपालिका भवन निर्माण :

मेलम्ची नगरपालिकाको प्रशासनिक कामकाज गर्नको नगरपालिकाको आफ्नो भवन नभएकाले भवन निर्माणका लागि मेलम्ची नगरपालिका वडा नं. ११ निवासी जग्गादाताहरु श्री धर्म कृष्ण श्रेष्ठबाट २ रोपनी, श्री राम प्रसाद सापकोटाबाट १ रोपनी ८ आना, श्री जयराम सापकोटाबाट ६ आना, विष्णु बहादुर सापकोटाबाट ४ आना, श्याम कृष्ण श्रेष्ठबाट १० आना १ दाम, भगवती सापकोटाबाट २ आना १ पैसा ३ दाम र बालकृष्ण चालिसेबाट २ आना गरी ५ रोपनी २ पैसा जग्गा प्राप्त भएको छ। उक्त स्थानमा आ.व. २०७४/७५ बाट नगरपालिका भवन निर्माण कार्यको थालनी गरिएकोमा आ.व. २०७४/७५ को दोश्रो चौमासिकसम्म उक्त भवनको दुई तला निर्माण गर्ने कार्य सम्पन भएको छ भने बाँकी दुई तला थप गर्ने कार्य यस आ.व.मा बहुवर्षिय ठेक्काबाट कार्य गर्ने गरी बोलपत्र आव्हान गरिएको छ। यस भवनको निर्माणबाट नगरपालिकाको प्रशासनिक कामकाज र विषयगत शाखाबाट सम्पादन हुने दैनिक प्रशासनीक कामकाज गर्न सहज हुनेछ।




*मेलम्ची नगरपालिकाको निर्माणधिन भवन*

## २..२६ पुर्ननिर्माणसंग सम्बन्धी कार्यहरु

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट मेलम्ची नगरपालिकाका कूल १२५६४ घरधुरीहरु पूर्ण रुपमा क्षति भएका थिए भने कूल ५२३ जना मानीसहरुको मृत्यु भएको थियो। विभिन्न सरकारी तथा गैर सरकारी संघ/संस्थाको सहयोग र नेपाल सरकारको अनुदान सहयोगमा हाल भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। पुर्ननिर्माणको कार्यलाई सहज ढंगबाट सम्पन्न गर्नको लागि नगरपालिकाले आ.व. २०७५/७६ को ज्येष्ठ मसान्तसम्ममा भूकम्प पीडित जनताहरुको ढुंगा, माटो र लोड वियरिङ्गका घरहरुको नक्सा पास नगरीकन सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ भने नक्सा स्वीकृत गराई बन्ने आर.सि.सि. घरहरुको हकमा भने २५% राजस्व छुटमा स्थायी आवास निर्माणको अनुमति प्रदान गरिएको छ। यस नगरपालिकाभित्र २०७५ पौष मसान्तसम्म ६५% घरहरुको पुनर्निर्माण कार्य सम्पन्न भएको छ

भने २८% लाभग्राहीहरुको स्थायी आवास निर्माणाधिन अवस्थामा रहेको छ र ७% घरधुरीले निर्माण कार्य शुरु गरेका छैनन् । भूकम्प पश्चातको पुनर्निर्माणको अवस्थाको बारेमा तपशिल बमोजिमको विवरण प्रस्तुत गरिएको छ ।

**(क) पुनर्निर्माण :**

| साविक गाविस/वडा नं. | जम्मा भूकम्पपीडित लाभग्राही संख्या | स्थायी आवास निर्माण सम्पन्न लाभग्राही संख्या | आवास निर्माणको चरणमा रहेका लाभग्राही संख्या | स्थायी आवास निर्माण बाँकी रहेका लाभग्राही संख्या |
|---|---|---|---|---|
| भोटेचौर, वडा नं. १ | १०६२ | ७१८ | २३७ | १०७ |
| भोटेचौर, वडा नं. २ | ४८२ | ३२९ | ८७ | ६६ |
| हैबुङ्ग, वडा नं. ३ | ७५३ | ५१९ | १६९ | ६५ |
| थकनी, वडा नं. ४ | ११०४ | ९०७ | १४५ | ५२ |
| सिन्धुकोट, वडा नं. ५ | ८९४ | ६५४ | १९५ | ४५ |
| तालामाराङ, वडा नं. ६ | ८७४ | ५९९ | २०९ | ६६ |
| दुवाचौर, वडा नं. ७ | ११६६ | ६६२ | ४५८ | ४६ |
| दुवाचौर, वडा नं. ८ | ७५४ | ४९६ | २२२ | ३६ |
| ज्यामिरे, वडा नं. ९ | १३१५ | ९४८ | ३४४ | २४ |
| शिखरपुर, वडा नं. १० | १०४४ | ६८३ | ३३२ | २९ |
| मेलम्ची, वडा नं. ११ | १२५७ | ८४४ | ३३७ | ७६ |
| बाँसवारी, वडा नं. १२ | १२७९ | ६०९ | ५११ | १५९ |
| फटकशिला, वडा नं. १३ | ११३३ | ५६२ | ४९५ | ७६ |
| जम्मा | १३११७ | ८५३० | ३७४० | ८४७ |

**(ख) गुनासो विवरण :**

| वडा नं./साविक गाविस | जम्मा गुनासो संख्या | फछ्र्यौट भएको गुनासो संख्या | फछ्र्यौट हुन बाँकी गुनासो संख्या | कैफियत |
|---|---|---|---|---|
| भोटेचौर, वडा नं. १ | ४४८ | ९४ | ३५४ | |
| भोटेचौर, वडा नं. २ | | | | |
| हैबुङ्ग, वडा नं. ३ | १९७ | ५५ | १४२ | |
| थकनी, वडा नं. ४ | २५० | १०२ | १४८ | |
| सिन्धुकोट, वडा नं. ५ | १०८ | ४६ | ६२ | |
| तलामाराङ, वडा नं. ६ | १२७ | ४१ | ८६ | |
| दुवाचौर, वडा नं. ७ | १४० | ७३ | ६७ | |
| दुवाचौर, वडा नं. ८ | १२२ | ५१ | ७१ | |
| ज्यामिरे, वडा नं. ९ | २०० | ० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| शिखरपुर, वडा नं. १० | १९२ | ४६ | १४६ | |
| मेलम्ची, वडा नं. ११ | २७८ | २३४ | ४४ | |
| बाँसवारी, वडा नं. १२ | २३० | १२७ | १०३ | |
| फटकशिला, वडा नं. १३ | २०९ | १०० | १०९ | |
| जम्मा | २५०१ | ९६९ | १५३२ | |

**(ग) अनुदान विवरण :**

| वडा नं./साविक गाविस | पहिलो किस्ता अनुदान प्राप्त गर्ने लाभग्राही संख्या | दोश्रो किस्ता अनुदान प्राप्त गर्ने लाभग्राही संख्या | तेस्रो किस्ता अनुदान प्राप्त गर्ने लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|---|
| भोटेचौर, वडा नं. १ | १०६० | ९१८ | ५७६ | |
| भोटेचौर, वडा नं. २ | ४८० | ४०१ | २८४ | |
| हैबुङ्ग, वडा नं. ३ | ७२९ | ६६० | ३११ | |
| थकनी, वडा नं. ४ | ११०३ | ९९८ | ७२३ | |
| सिन्धुकोट, वडा नं. ५ | ८९४ | ८०८ | ५४९ | |
| तलामाराङ, वडा नं. ६ | ८७४ | ७६९ | ५८६ | |
| दुवाचौर, वडा नं. ७ | ११५८ | १०४६ | ६९७ | |
| दुवाचौर, वडा नं. ८ | ७५२ | ६५९ | ३९६ | |
| ज्यामिरे, वडा नं. ९ | १३१४ | १२६७ | ९०३ | |
| शिखरपुर, वडा नं. १० | १०४८ | ९९३ | ७७२ | |
| मेलम्ची, वडा नं. ११ | १२६६ | १०९६ | ७२२ | |
| बाँसवारी, वडा नं. १२ | १२७३ | ८८२ | ३८९ | |
| फटकशिला, वडा नं. १३ | ११०० | ९६९ | ५३५ | |
| जम्मा | १३०५१ | ११४६६ | ७४४३ | |

## २.२७ पक्की सडक निर्माण

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार देखि मेलम्ची नगरपालिका कार्यालय रहेको स्थानसम्मको पक्की मोटर बाटो निर्माण कार्य भइरहेको छ। उक्त पक्की मोटरबाटो निर्माण गर्नको लागि मेलम्ची नगरपालिकाबाट आ.व. २०७५/७६ मा रु दुई करोड त्रिचालिस लाख बजेट विनियोजन भई निर्माण कार्य भैरहेको छ। यस आ.व.को प्रथम चौमासिकसम्म रिटेनिङ्ग वाल निर्माण कार्य सम्पन्न भएको छ।





*मेलम्ची नगरपालिका कार्यालयसम्म जाने निर्माणाधिन पक्की सडक*

## २.२८ फटकेश्वर भञ्ज्याङ्ग साँखु सडक निर्माण :

मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकेश्वर छापभञ्ज्याङ्ग देखि काठमाडौं जिल्लाको साँखुसम्म जोड्ने मेलम्ची नगरपालिका अन्तर्गतको सडक खण्डको स्तरोन्नती, चौडा र ग्राभेल गर्ने कार्य आ.व. २०७५/७६ को प्रथम चौमासिक भित्र सम्पन्न भएको छ । उक्त सडकको स्तरोन्नतीबाट मेलम्ची देखि काठमाडौंसम्मको छोटो दुरीको यात्राको लागि सहजता भएको छ ।









*फट्केश्वर देखि छापभञ्ज्याङ्सम्मको सडक स्तरोन्नती गरिँदै*

## २.२९ मेलम्ची तिपेनी सडक निर्माण :

मेलम्ची नगरपालिका वडा नं. १० र ९ मेलम्ची तिपेनी सडकको स्तरोन्नती र ग्राभेल गर्ने कार्य आ.व. २०७५/७६ को प्रथम चौमासिकमा सम्पन्न गरिएको छ । उक्त सडकको स्तरोन्नती पश्चात मेलम्ची देखि पाँचपोखरी गाउँपालिकाको भोताङसम्मको यात्राको लागि सहज भएको छ ।

## २.३० सहकारी संस्थाहरुको अभिलेख तयार :

मेलम्ची नगरपालिका भित्र कार्यक्षेत्र रहने गरी सहकारी विभागमा विभिन्न मितिमा दर्ता भई संचालनमा रहेका सहकारी संस्थाहरु नेपालको संविधान, २०७२ को अनुसूचि ८ (२) मा भएको व्यवस्था बमोजिम तत्कालिन डिभिजन सहकारी कार्यालय, काभ्रेपलाञ्चोकबाट सहकारी संस्थाका अभिलेखहरु हस्तान्तरण भै मिति २०७५/०२/०२ मा यस कार्यालयमा प्राप्त भएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले "मेलम्ची नगरपालिकाको सहकारी ऐन,२०७५" को विधयेक पारित गरी ऐनको रुपमा स्थानीय राजपत्रमा प्रकाशित भै कार्यान्वयन हुँदै आइरहेको छ ।

डिभिजन सहकारी कार्यालय, काभ्रेपलाञ्चोकबाट प्राप्त अभिलेखको अनुसार यस नगरपालिका भित्र कार्य क्षेत्र भई संचालनमा रहेका १४३ वटा सहकारी संस्थाहरुको र अन्य स्थानीय तहको नियमन क्षेत्र भित्र पर्ने तर यस कार्यालयमा फाइल प्राप्त भएको संख्या ७ र दर्ता अभिलेखमा यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका तर सम्बन्धित संस्थाको फाईल प्राप्त नभएका संख्या ३४ को अभिलेख तयार गर्ने कार्य सम्पन्न गरिएको छ ।

(क) मेलम्ची नगरपालिका कार्यक्षेत्र रहने गरी दर्ता भई फाइल प्राप्त भएका सहकारी संस्थाहरु :

| क्र.स | दर्ता न. | निर्णय मिति | सहकारी संस्थाको नाम, ठेगाना | किसिम |
|---|---|---|---|---|
| १ | २३ | २३/०३/२०५० | सिन्धुकोट दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, सिन्धुकोट | दुग्ध सहकारी |
| २ | ६८ | १२/०३/२०५२ | जुगल बचत तथा ऋण सहकारी संस्था लिमिटेड , मेलम्ची | बचत तथा ऋण सहकारी |
| ३ | १३६ | ०५/०६/२०५१ | मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बाँसबारी | बचत तथा ऋण सहकारी |
| ४ | १५६ | २५/११/२०५१ | मेलम्ची बचत तथा ऋण सहकारी संस्था लिमिटेड,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ५ | १६५ | ०२/०९/२०५२ | हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेड, तालामाराङ्ग | बचत तथा ऋण सहकारी |
| ६ | २१३ | १०/०७/२०५२ | त्रिवेणी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, ज्यामिरे | दुग्ध सहकारी |
| ७ | २१९ | २६/१०/२०५२ | कालीका दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, फट्कशिला | दुग्ध सहकारी |
| ८ | २३१ | ०४/०८/२०५२ | प्रगतिशिल महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड,बाँसबारी | बचत तथा ऋण सहकारी |
| ९ | २७२ | ०५/०९/२०५३ | ओखेनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भोटेचौर | बचत तथा ऋण सहकारी |
| १० | २८५ | १८/०८/२०५३ | माझीगाऊँ दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,शिखरपुर | दुग्ध सहकारी |
| ११ | २८८ | १०/०९/२०५३ | भिमसेन दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, फट्कशिला | दुग्ध सहकारी |
| १२ | ३१७ | २४/०१/२०५४ | गोल्मारानी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, ज्यामिरे | दुग्ध सहकारी |
| १३ | ३५७ | ११/०९/२०५४ | सिन्धेश्वर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| १४ | ३५८ | २१/०९/२०५४ | कोटाचौर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, शिखरपुर | दुग्ध सहकारी |
| १५ | ३९२ | १४/०७/२०५२ | काउलेदोभान दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,हैबुङ्ग | दुग्ध सहकारी |
| १६ | ४२४ | ०६/०६/२०५५ | देविस्थान दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,भोटेचौर | दुग्ध सहकारी |
| १७ | ४३० | २५/०७/२०५५ | पंन्चकन्या बचत तथा ऋण सहकारी संस्था लिमिटेड,बाँसबारी | बचत तथा ऋण सहकारी |

| | | | | |
|---|---|---|---|---|
| १८ | ४९६ | २६/११/२०५६ | सिन्धुकोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड,सिन्धुकोट | बचत तथा ऋण सहकारी |
| १९ | ५०७ | १३/१२/२०५६ | सुर्यमूखि साना किसान कृषि सहकारी संस्था लिमिटेड, भोटेचौर | बहुउदेश्य सहकारी |
| २० | ५३१ | ०४/०६/२०५६ | कोपिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड,हैबुङ्ग | बचत तथा ऋण सहकारी |
| २१ | ५५४ | १३/०४/२०५७ | सेतीदेवि दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| २२ | ६१९ | २७/०१/२०५८ | जागेश्वरी नारी चेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मेलम्ची | बचत तथा ऋण सहकारी |
| २३ | ६९६ | १३/१२/२०५८ | नमूना बचत तथा ऋण सहकारी संस्था लिमिटेड, शिखरपुर | बचत तथा ऋण सहकारी |
| २४ | ६९७ | १३/१२/२०५८ | सृजना बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ज्यामिरे | बचत तथा ऋण सहकारी |
| २५ | ८१८ | २९/०९/२०६२ | सहमती दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, फट्कशिला | दुग्ध सहकारी |
| २६ | ८४२ | ११/०३/२०६३ | नारायनटार दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,बाँसबारी | दुग्ध सहकारी |
| २७ | ८५६ | ०८/०६/२०६३ | सृजनशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, फट्कशिला | बचत तथा ऋण सहकारी |
| २८ | ८९७ | १२/२२/२०६३ | शिखरपुर बहुउदेश्य सहकारी संस्था लिमिटेड, शिखरपुर | बहुउदेश्य सहकारी |
| २९ | ९०६ | ०६/०१/२०६४ | माझी बहुउदेश्य सहकारी संस्था लिमिटेड, शिखरपुर | बहुउदेश्य सहकारी |
| ३० | ९०८ | २०/०१/२०५७ | श्रीकृष्ण दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,थकनी | दुग्ध सहकारी |
| ३१ | १०७६ | १६/०१/२०६५ | बाहुनेपाटी बचत तथा ऋण सहकारी संस्था लिमिटेड,बाँसबारी | बचत तथा ऋण सहकारी |
| ३२ | १०९३ | १९/०२/२०६५ | शुभ कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मेलम्ची | बचत तथा ऋण सहकारी |
| ३३ | ११७५ | ०८/०७/२०६५ | पाटीचौर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, सिन्धुकोट | दुग्ध सहकारी |
| ३४ | ११९९ | ११/०८/२०६५ | मानेभन्ज्याङ्ग दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,बाँसबारी | दुग्ध सहकारी |
| ३५ | १२१३ | ११/०९/२०६५ | त्रिशक्तिः बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ज्यामिरे | बचत तथा ऋण सहकारी |

| | | | | |
|---|---|---|---|---|
| ३६ | १२८० | २६/१२/२०६५ | इन्द्रावती फलफूल तथा तरकारी उत्पादक स. सं लि, फट्कशिला | कृषि सहकारी |
| ३७ | १३४७ | २४/०२/२०६६ | साझेदारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, तालामाराङ्ग | बचत तथा ऋण सहकारी |
| ३८ | १३५७ | ०१/०३/२०६६ | शिवपुरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भोटेचौर | बचत तथा ऋण सहकारी |
| ३९ | १३९१ | ०९/०५/२०६५ | सिन्धु कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.,सिन्धुकोट | बचत तथा ऋण सहकारी |
| ४० | १४०० | ११/०५/२०६६ | शिखरपुर मातृशिशू बचत तथा ऋण सहकारी संस्था लि.,शिखरपुर | बचत तथा ऋण सहकारी |
| ४१ | १४०४ | ३१/०५/२०६६ | फट्केश्वर बचत तथा ऋण सहकारी संस्था लि.,फट्कशिला | बचत तथा ऋण सहकारी |
| ४२ | १४११ | ३१/०५/२०६६ | दियालो महिला बचत तथा ऋण सहकारी संस्था लि.,सिन्धुकोट | बचत तथा ऋण सहकारी |
| ४३ | १४१३ | ०८/०७/२०६६ | उद्यमि बचत तथा ऋण सहकारी संस्था लि.,,शिखरपुर | बचत तथा ऋण सहकारी |
| ४४ | १४२९ | २०/०७/२०६६ | चन्द्रावत्ती महिला बचत तथा ऋण सहकारी संस्था लि.,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ४५ | १४३१ | २२/०७/२०६६ | ग्रार्मिण कृषक बचत तथा ऋण सहकारी संस्था लि.,भोटेचौर | बचत तथा ऋण सहकारी |
| ४६ | १४४३ | ०९/०८/२०६६ | सिन्धुकोट महिला बचत तथा ऋण सहकारी संस्था लि.,सिन्धुकोट | बचत तथा ऋण सहकारी |
| ४७ | १४६६ | २८/०९/२०६६ | हैवुङ्ग महिला बचत तथा ऋण सहकारी संस्था लि. हैवुङ्ग | बचत तथा ऋण सहकारी |
| ४८ | १४८० | १३/१०/२०६६ | गणतान्त्रिक दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,बाँसबारी | दुग्ध सहकारी |
| ४९ | १५०५ | २५/११/२०६६ | त्रिपुरा सुन्दरी बचत तथा ऋण सहकारी संस्था लि. ,बाँसबारी | बचत तथा ऋण सहकारी |
| ५० | १५४६ | १७/०१/२०६६ | आधुनिक कृषि सहकारी संस्था लिमिटेड,बाँसबारी | कृषि सहकारी |
| ५१ | १५५१ | ३०/०१/२०६७ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. ज्यामिरे | बचत तथा ऋण सहकारी |
| ५२ | १६१९ | १८/०४/२०६७ | शुभश्री कृषि सहकारी संस्था लिमिटेड,बाँसबारी | कृषि सहकारी |
| ५३ | १६६८ | १५/०७/२०६७ | आरति बचत तथा ऋण सहकारी संस्था लि.,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ५४ | १६७९ | १३/०८/२०६७ | टुनि महाकाली दुग्ध उत्पादक सहकारी संस्था | दुग्ध सहकारी |

| | | | | |
|---|---|---|---|---|
| | | | लिमिटेड,बाँसबारी | |
| ५५ | १७२४ | १४/१२/२०६७ | तालामाराङ्ग कृषि सहकारी संस्था लिमिटेड,तालामाराङ्ग | कृषि सहकारी |
| ५६ | १७५५ | २३/०२/२०६८ | जरायटार सामुदायीक कृषि सहकारी संस्था लिमिटेड,जरायटार,मेलम्ची | कृषि सहकारी |
| ५७ | १७५७ | ०३/०१/२०६८ | फलामेढुगां दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,बाँसबारी | दुग्ध सहकारी |
| ५८ | १७८१ | ०५/०४/२०६८ | तपचुली सामुदायिक कृषि सहकारी संस्था लिमिटेड,भोटेचौर | कृषि सहकारी |
| ५९ | १८०५ | २६/०६/२०६८ | खडिकादेवी कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ६० | १८०७ | २९/०६/२०६८ | ढिकुरबेशि कृषि सहकारी संस्था लिमिटेड, बाँसबारी | कृषि सहकारी |
| ६१ | १८०९ | ३०/०६/२०६८ | मुनाल सामुदायिक कृषि सहकारी संस्था लिमिटेड, हैवुङ्ग | कृषि सहकारी |
| ६२ | १८४२ | २०/०९/२०६८ | तेर्से सामुदायिक कृषि सहकारी संस्था लिमिटेड,तालामाराङ्ग | कृषि सहकारी |
| ६३ | १९०३ | १७/०३/२०६९ | पातालगुफा कृषि सहकारी संस्था लिमिटेड,भोटेचौर | कृषि सहकारी |
| ६४ | १९०६ | १८/०३/२०६९ | शितलादेवि महिला कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ६५ | १९२७ | १७/०४/२०६९ | भूमेश्वरी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, मेलम्ची | दुग्ध सहकारी |
| ६६ | १९४४ | ०५/०५/२०६९ | भूमिस्थान सामुदायिक कृषि सहकारी संस्था लिमिटेड,तालामाराङ्ग | कृषि सहकारी |
| ६७ | १९८५ | २३/०६/२०६९ | नव शिखर कृषि सहकारी संस्था लिमिटेड,सिन्धुकोट | कृषि सहकारी |
| ६८ | २०११ | १५/०७/२०६९ | डाडापाखा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, सिन्धुकोट | दुग्ध सहकारी |
| ६९ | २०३० | २२/०८/२०६९ | कर्तव्यशिल कृषि सहकारी संस्था लिमिटेड,फट्कशिला | कृषि सहकारी |
| ७० | २०३२ | १२/०९/२०६९ | झुल्केघाम बचत तथा ऋण सहकारी लिमिटेड,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ७१ | २०३७ | १९/०९/२०६९ | समन्वय कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |

| | | | | |
|---|---|---|---|---|
| ७२ | २०४४ | २७/०९/२०६९ | श्री ज्ञानोदय कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ७३ | २०८० | ११/१२/२०६९ | सिन्धुदिप बचत तथा ऋण सहकारी लिमिटेड,थकनि | बचत तथा ऋण सहकारी |
| ७४ | २१२३ | २८/०२/२०७० | सरोकार बचत तथा ऋण सहकारी लिमिटेड,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ७५ | २१४५ | ३०/०३/२०७० | सिन्धु कृषिसुधार बहुउदेश्यीय सहकारी संस्था लिमिटेड, भोटेचौर | बहुउदेश्यीय |
| ७६ | २१५० | १४/०४/२०७० | श्री धारापानी कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ७७ | २१६० | ३१/०५/२०७० | पवित्र कृषि सहकारी संस्था लिमिटेड, बाँसबारी | कृषि सहकारी |
| ७८ | २२०४ | २६/१२/२०७० | श्री तिनकन्या सेतीदेवी कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ७९ | २२११ | २१/०१/२०७१ | उपयोगी बचत तथा ऋण सहकारी लिमिटेड,तालामाराङ्ग | बचत तथा ऋण सहकारी |
| ८० | २२२० | २०/०२/२०७१ | आर्कषण कृषि सहकारी संस्था लिमिटेड,फट्कशिला | कृषि सहकारी |
| ८१ | २२६४ | ०८/०१/२०७२ | निग्लेनी कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| ८२ | २२८५ | ०१/०६/२०७२ | सिद्धेश्वरी कफि सहकारी संस्था लिमिटेड,मेलम्ची | कफि सहकारी |
| ८३ | २२९९ | २१/०९/२०७२ | सिम्ले कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| ८४ | २३२१ | १५/११/२०७२ | शेराङ्ज्यी कृषि सहकारी संस्था लिमिटेड,थकनि | कृषि सहकारी |
| ८५ | ७५५ | १५/०७/२०६९ | इन्द्रावती महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड,मेलम्ची | बचत तथा ऋण सहकारी |
| ८६ | १०२७ | १३/१०/२०६४ | सहयोगी बहुउदेश्य सहकारी संस्था लिमिटेड,मेलम्ची | बहुउदेश्य सहकारी |
| ८७ | १५०९ | १९/१२/२०६६ | विष्णु लक्ष्मी कृषि सहकारी संस्था लिमिटेड,दुवाचौर-८ | कृषि सहकारी |
| ८८ | २१४३ | २२/०४/२०७० | धर्तिका सानाकिसान कृषि सहकारी संस्था लिमिटेड,सिन्धुकोट | कृषि सहकारी |
| ८९ | १७२८ | २१/१२/२०६७ | दुबाचौर सामुदायिक कृषि सहकारी संस्था लिमिटेड,दुवाचौर-८ | कृषि सहकारी |

| | | | | |
|---|---|---|---|---|
| ९० | २०१९ | २०/०२/२०७० | रातोघाम कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ९१ | २०५३ | २८/१०/२०६९ | फलामे सानाकिसान कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ९२ | २२५१ | २३/०९/२०७१ | सेवक कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| ९३ | १०६९ | ०८/०१/२०६५ | जागृति महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड,भोटेचौर | बचत तथा ऋण सहकारी |
| ९४ | २०२२ | ११/०८/२०६९ | समिक्षा कृषि सहकारी संस्था लिमिटेड,बासबारी | कृषि सहकारी |
| ९५ | ५७१ | ०१/०६/२०५७ | संगम फलफूल तथा तरकारी उत्पादक स. सं लि,बासबारी | कृषि सहकारी |
| ९६ | ९७२ | ११/०७/२०६४ | सिन्धुबेंसी बहुउदेश्य सहकारी संस्था लिमिटेड,सिन्धुकोट | बहुउदेश्य सहकारी |
| ९७ | ८१७ | २९/०९/२०६२ | कृषकहित कृषि सहकारी संस्था लिमिटेड,बासबारी | कृषि सहकारी |
| ९८ | १२३० | २९/१०/२०६५ | शुभकामना उपभोक्ता सहकारी संस्था लिमिटेड,बासबारी | उपभोक्ता सहकारी |
| ९९ | १२४१ | ०३/१२/२०६५ | दुवाचौर उपभोक्ता सहकारी संस्था लिमिटेड,दुवाचौर | उपभोक्ता सहकारी |
| १०० | २६५ | १५/१०/२०४९ | पञ्चभूमि दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,मेलम्ची | दुग्ध सहकारी |
| १०१ | २०८१ | ११/१२/२०६९ | बाघमारा कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| १०२ | ४०५ | ०६/०४/२०५५ | मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,भोटेचौर | दुग्ध सहकारी |
| १०३ | | /०१/२०४९ | बगुवा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,शिखरपुर | दुग्ध सहकारी |
| १०४ | १८४५ | २०/०९/२०६८ | जय सानाकिसान कृषि सहकारी संस्था लिमिटेड,बाँसबारी | कृषि सहकारी |
| १०५ | १४२८ | २०/०७/२०६६ | नमूना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड,बाासबारी | बचत तथा ऋण सहकारी |
| १०६ | १८५५ | १८/१०/२०६८ | कर्मभूमि कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| १०७ | १२३५ | ०२/१२/२०६५ | सिन्धुगौतम उपभोक्ता सहकारी संस्था लिमिटेड,सिन्धुकोट | उपभोक्ता सहकारी |

| | | | | |
|---|---|---|---|---|
| १०८ | १०७७ | १६/०१/२०६५ | सिन्धुमिलन दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,मेलम्ची | दुग्ध सहकारी |
| १०९ | २३८४ | २४/१०/२०७३ | काप्लेखोला कृषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| ११० | २३९३ | २२/११/२०७३ | तेरमाने बचत तथा ऋण सहकारी लिमिटेड,दुवाचौर | बचत तथा ऋण सहकारी |
| १११ | २४२२ | २८/०३/२०७४ | अमरापुरी कृषि सहकारी संस्था लिमिटेड,दुवाचौर | कृषि सहकारी |
| ११२ | २३७१ | २५/०९/२०७३ | पोखरेभन्याङ्ग सानाकिसान कृषि सहकारी संस्था लिमिटेड,दुवाचौर | कृषि सहकारी |
| ११३ | २४२० | २२/०३/२०७४ | घट्टेखोला कृषि कबुलियत वन सहकारी संस्था लिमिटेड,तालामाराङ्ग | कृषि सहकारी |
| ११४ | २३५६ | २७/०५/२०७३ | दिगो कृषि विकास कषि सहकारी संस्था लिमिटेड,मेलम्ची | कृषि सहकारी |
| ११५ | २४०६ | २१/१२/२०७३ | पञ्चकन्या कफि उत्पादक सहकारी संस्था लिमिटेड,मेलम्ची | कफि सहकारी |
| ११६ | ४८ | ०९/०३/२०६८ | फट्कशिला कृषि सहकारी संस्था लिमिटेड,फट्कशिला | कृषि सहकारी |

(ख) **दर्ता अभिलेखमा देखिएका तर फाईल प्राप्त हुन छुट भएका सहकारी संस्थाहरु :**

| क्र.स | दर्ता न. | निर्णय मिति | संस्थाको नाम, ठेगाना | किसिम |
|---|---|---|---|---|
| १ | ८० | २७/०७/२०५० | जालपा दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, मेलम्ची | दुग्ध सहकारी |
| २ | २३९ | ०८/०२/२०५३ | वनगाऊँ दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, शिखरपुर | दुग्ध सहकारी |
| ३ | २९२ | ०८/०२/२०५३ | जालपादेवि दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| ४ | ३०३ | १७/११/२०५३ | नव जागृति दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, तालामाराङ्ग | दुग्ध सहकारी |
| ५ | ३३७ | १७/०६/२०५४ | जनएकता दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |

| | | | | |
|---|---|---|---|---|
| ६ | ३६५ | २६/१०/२०५४ | आर्दश दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| ७ | ३६६ | २६/१०/२०५४ | जर्केश्वरी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| ८ | ३७१ | १९/१२/२०५४ | सेलपुनभुमे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, हैबुङ्ग | दुग्ध सहकारी |
| ९ | ४३१ | २५/०७/२०५५ | जयवागेश्वरी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, शिखरपुर | दुग्ध सहकारी |
| १० | ५६३ | ३०/०४/२०५७ | दुग्धेश्वरी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, फटकशिला | दुग्ध सहकारी |
| ११ | ६५५ | २८/०४/२०५८ | जन जागृति दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, भोटेचौर | दुग्ध सहकारी |
| १२ | ७८२ | २८/०२/२०६० | खडिकादेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, शिखरपुर | दुग्ध सहकारी |
| १३ | ८३६ | ०५/०३/२०६३ | लालिगुराँस महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, फटकशिला | बचत तथा ऋण सहकारी |
| १४ | ८५० | ३०/०३/२०६३ | प्रगती महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड,मेलम्ची | बचत तथा ऋण सहकारी |
| १५ | ९०९ | २०/०१/२०६४ | भूमिस्थान दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,हैबुङ्ग | दुग्ध सहकारी |
| १६ | ९३२ | २३/०२/२०६४ | गौरिश्वर चन्द्र दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,मेलम्ची | दुग्ध सहकारी |
| १७ | ९४२ | १२/०३/२०६४ | प्रगतीशिल दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,मेलम्ची | दुग्ध सहकारी |
| १८ | ९४३ | १२/०३/२०६४ | किसान हित दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड,फटकशिला | दुग्ध सहकारी |
| १९ | १००० | ०३/०९/२०६४ | एभरेष्ट ग्रामिण विकास वहुउदेश्यिय सहकारी संस्था लिमिटेड,भोटेचौर | बहुउदेश्यिय सहकारी |
| २० | १०१७ | ०७/१०/२०६४ | भदौरे दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, सिन्धुकोट | दुग्ध सहकारी |

| | | | | |
|---|---|---|---|---|
| २१ | १०८२ | २१/०७/२०६५ | जमुना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, ज्यामिरे | दुग्ध सहकारी |
| २२ | १०९७ | ०५/०८/२०६५ | सहयात्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मेलम्ची | बचत तथा ऋण सहकारी |
| २३ | १२२० | ०२/१०/२०६५ | लक्ष्मी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, मेलम्ची | दुग्ध सहकारी |
| २४ | १२३८ | ०३/१२/२०६५ | सहयोगी उपभोक्ता सहकारी संस्था लिमिटेड ,ज्यामिरे | उपभोक्ता सहकारी |
| २५ | १२४२ | ०३/१२/२०६५ | बाथलादेवी उपभोक्ता सहकारी संस्था लिमिटेड, शिखरपुर | उपभोक्ता सहकारी |
| २६ | १२७८ | २६/१२/२०६५ | जागेश्वरी उपभोक्ता सहकारी संस्था लिमिटेड, मेलम्ची | उपभोक्ता सहकारी |
| २७ | १४२७ | १९/०७/२०६६ | धनेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, तालामाराङ्ग | बचत तथा ऋण सहकारी |
| २८ | १५५८ | ०६/०२/२०६६ | श्री सुमलछाप दुग्ध सहकारी संस्था लिमिटेड ,भोटेचौर | दुग्ध सहकारी |
| २९ | १७९६ | ०२/०६/२०६८ | उद्धार मेलम्ची बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मेलम्ची | बचत तथा ऋण सहकारी |
| ३० | २०१२ | १६/०७/२०६९ | सिद्धेश्वरी साना किसान कृषि सहकारी संस्था लिमिटेड, थकनी | कृषि सहकारी |
| ३१ | २११९ | २०/०२/२०७० | झुल्केघाम साना किसान कृषि सहकारी संस्था लिमिटेड,शिखरपुर | कृषि सहकारी |
| ३२ | २१८० | ०६/१०/२०७० | सुमवि बचत तथा ऋण सहकारी संस्था लिमिटेड,भौटेचौर | बचत तथा ऋण सहकारी |
| ३३ | संम्पर्कमा आएको | १३/०९/२०५२ | सिन्धुपाल्चोक बचत तथा ऋण सहकारी संस्था लिमिटेड,भोटेचौर,रेर्कड नभएको | बचत तथा ऋण सहकारी |
| ३४ | संम्पर्कमा आएको | २६/०६/२०५० | भोटेचौर बचत तथा ऋण सहकारी संस्था लिमिटेड,भोटेचौर,रेर्कड नभएको | बचत तथा ऋण सहकारी |

## २.३१ सामाजिक सुरक्षा भत्ता वितरण र सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न :

सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई चुस्त दुरुस्त एवं पारदर्शी तवरले वितरण गरी कोहि नछुटुन, कोहि नदोहोरिउन र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि पूरा गर्नुपर्ने विधिहरु र यसका लागि चाहिने आवश्यक कागजातहरुको वारेमा स्पष्ट पार्ने उद्देश्यका साथ मेलम्ची नगरपालिका वडा न. ११ मा मिति २०७५ असोज २ गते सार्वजनिक सुनुवाई कार्य सम्पन्न गरियो । मेलम्ची नगरपालिकाको आयोजनामा भएको उक्त कार्यक्रममा मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, सम्वन्धित वडाका सरोकारवाला एवं सो क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रमको अवसरमा मेलम्ची नगरपालिकाका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही र अन्य सरोकारवालाहरुले जिज्ञासा राख्नु भएको थियो भने नगर उपप्रमुख भगवती नेपाल तथा वडा न. ११ का वडा अध्यक्ष रुद्रप्रसाद दुलालले उठेको जिज्ञासा समाधान गर्दै आफनो धाराणा समेत राख्नुभएको थियो । कार्यक्रम संचालन सामाजिक विकास शाखाका ना.सु. श्री मधुविलास दवकोटाले गर्नु भएको थियो ।




*सामाजिक सुरक्षा भत्ता वितरण सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु*

चालु आ.व. ०७५/७६ को पौष मसान्तससम्मको (प्रथम चौमासिक) अवधिमा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता रकम :

| सि.नं. | वडा न. | वितरण गरिएको रकम रु |
|---|---|---|
| १ | १ | १९३१८०० |
| २ | २ | ११४८००० |
| ३ | ३ | १३६९३७५ |
| ४ | ४ | १६३१६०० |
| ५ | ५ | १८८५६०० |

| | | |
|---|---|---|
| ६ | ६ | २१४०८०० |
| ७ | ७ | २०७६८०० |
| ८ | ८ | १२००८०० |
| ९ | ९ | २७७८४०० |
| १० | १० | २०४४८०० |
| ११ | ११ | २७५८४०० |
| १२ | १२ | ३२६४८३५ |
| १३ | १३ | २२९९२०० |
| जम्मा रु | | २४४५२८१० |

चलु आ.व. २०७५/७६ को पौष मसान्तसम्म मेलम्ची नगरपालिका अर्न्तगत वडाहरुमा मासिक रुपमा दर्ता हुन आएका व्यक्तिगत घटना दर्ता विवरण :

व्यक्तिगत घटना दर्ता विवरण

| वडान | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दता | वसाइ सराइ गएको | | | वसाइ सराइ आएको | | | सम्वन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| १ | ७२ | ६९ | १४१ | १२ | १६ | २८ | २९ | १ | ० | १ | ० | ० | ० | ० | १९९ |
| २ | १७ | २० | ३७ | ३ | १२ | १५ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ५७ |
| ३ | ३२ | ४४ | ७६ | १७ | १५ | ३२ | १८ | ० | ० | ० | ० | ० | ० | ० | १२६ |
| ४ | ४५ | ४० | ८५ | २० | २५ | ४५ | २० | ० | १ | १ | ० | ० | ० | ० | १५१ |
| ५ | ४० | ४० | ८० | ५ | १ | ६ | ११ | ० | ० | ० | ० | ० | ० | ० | ९७ |
| ६ | ५१ | ६५ | ११३ | २ | १२ | १४ | १९ | ० | ० | ० | ० | ० | ० | ० | १४६ |
| ७ | ३१ | ४८ | ७९ | १० | १५ | २५ | २० | १ | १ | २ | ० | ० | ० | ० | १२६ |
| ८ | २४ | २९ | ५३ | ६ | ४ | १० | १५ | ० | ० | ० | ० | ० | ० | ० | ७८ |
| ९ | ९९ | ७४ | १७३ | ९ | १७ | २६ | ३१ | १ | २ | ३ | ० | ० | ० | ० | २३३ |
| १० | ६३ | ६२ | १२५ | ७ | १२ | १९ | ६ | ० | १ | १ | ० | ० | ० | ० | १५१ |
| ११ | ६२ | ४५ | १०७ | ११ | १२ | २३ | ३८ | ० | १ | १ | ० | ० | ० | १ | १७० |
| १२ | ८१ | ७१ | १५२ | १८ | २४ | ४२ | ३३ | ० | १ | १ | ० | ० | ० | ० | २२८ |
| १३ | ५० | ४६ | ९६ | १२ | २२ | ३४ | २१ | ० | १ | १ | ० | ० | ० | ० | १५२ |
| **जम्मा** | ६६७ | ६५० | १३१७ | १३२ | १८७ | ३१९ | २६६ | ३ | ८ | ११ | ० | ० | ० | १ | १९१४ |

## २.३२ कृषि विकास शाखाबाट आ.व. २०७५/७६ को पौष मसान्तसम्म सम्पादन भएका कार्यहरु :

१) कृषि प्रसार कार्यक्रम अन्तर्गत वित्तिय समानीकरणको बजेटबाट ३ मे. टन गहुँको वीउ खरिद गरी मेलम्ची नगरपालिका अन्तर्गतका कृषकहरुलाई वितरण गरिएको छ । कृषि विकास शाखामा संचालन गरिने माटो परिक्षण ल्याबको लागि सामाग्री तथा केमिकलहरु खरिद गरि संचालनको तयारीमा रहेको छ भने कृषि विकास शाखामा डिजिटल हाजिरीको सुरुवात गरिएको छ ।

२) वित्तय समानीकरणको बजेटबाट खर्च हुने गरी कृषि विकास शाखाको चालु आ.व.को वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनको चरणमा रहेको ।

३) सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम, माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम, कृषक पाठशाला संचालन कार्यक्रम, समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम र एक गाँउ एक कृषि प्राविधिक कार्यक्रम अन्तर्गत सशर्त अनुदानबाट कार्यक्रम संचालन भैरहेको छ ।

४) विगत आ.ब.हरुमा संचालित कृषि विकास कार्यक्रमहरुको अनुगमन तथा कृषकका खेतवारीमा देखिएका समस्याहरुको पहिचान गरि समाधानका लागि उचित पहल कदमी लिईएको छ । यस मेलम्ची नगरपालिकालाई कार्यक्षेत्र बनाएर कृषि विकास कार्यक्रममा संलग्न गैर सरकारी संघ सस्थाहरुसंग समन्वयात्मक ढंगबाट सहजिकरण तथा अन्तक्रियामा सहभागी भएको ।

## २.३३ भवन वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट सम्पादन भएका कार्यहरु :

(१) २०७५ साउन देखि २०७५ पौष मसान्तसम्म नगरपालिका अन्तर्गत निर्माण भएका RCC तथा लोड बियरिङ्ग घरहरुको तथ्याङ्क :

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | दर्ता भएका घर संख्या | १६० | |
| २ | प्रथम चरणको ईजाजत पत्र लिएका | १९३ | |
| ३ | दोश्रो चरणको ईजाजत पत्र लिएका | १७६ | |
| ४ | पूर्ण सम्पन्न ईजाजत पत्र लिएका | ८ | |
| ५ | अभिलेखिकरण गरिएका | ५ | |
| ६ | आंशिक प्रमाण-पत्र लिएका | ६ | |

**(२) विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न** :

मेलम्ची नगरपालिकाको आयोजना तथा सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च र हेल्भेटास नेपालको आर्थिक सहयोगमा मेलम्ची नगरपालिकाका जनप्रतिनिधि, सुरक्षा निकाय, विपद् क्षेत्रमा कार्य गरेका व्यक्ति तथा संघ/संस्थालाई मिति २०७५ कात्तिक १५ देखि १६ सम्म दुई दिने विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रमबाट नगरस्तरीय विपद् योजना निर्माणको लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

**(३) जोखिम घर/बस्तीको स्थलगत अनुगमन :**

यस वर्षको अविरल वर्षाको कारण मेलम्ची नगरपालिकामा रहेका बस्ती तथा घरहरुमा गएको पहिरो तथा भू-क्षय रोकथामको लागि सबै वडाका जोखिमयुक्त बस्तीहरुको स्थलगत अवलोकन गरी उक्त बस्ती संरक्षण गर्नको लागि आवश्यक पर्ने ३४०५ थान तारजाली खरिद गर्ने कार्य प्रक्रिया अगाडि बढाइएको छ । यस कार्यक्रमबाट नगर भित्रका जोखिमयुक्त बस्तीहरुको संरक्षणको लागि थप टेवा पुग्न जाने देखिन्छ ।

**(४) राष्ट्रिय जलवायु सम्मेलन सम्पन्न :**

जिल्ला समन्वय समिति महासंघको आयोजना, जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिकाको व्यवस्थापनमा मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा मिति २०७५ साल पौष १५ देखि १७ गतेसम्म प्रथम राष्ट्रिय जलवायु सम्मेलन सम्पन्न गरिएको छ । उक्त सम्मेलनको उद्घाटन महमहिम् राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभएको थियो भने सम्मेलनमा नेपाल सरकारका मन्त्री तथा सांसद, प्रदेश सभाका मन्त्री तथा सांसद, ७७ वटा जिल्ला समन्वय समितिका प्रमुख तथा उप-प्रमुख, सिन्धुपाल्चोक जिल्ला स्थित स्थानीय तहका प्रमुख, उप-प्रमुख, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाका पदाधिकारीहरु लगायत प्रवुद्ध व्यक्तितत्वहरुको उपस्थिति रहेको थियो । यो सम्मेलनबाट स्थानीय तहहरुमा जलवायु अनुकूलनका कार्यक्रमहरु संचालन गर्न महत्वपूर्ण भूमिका निर्वाह हुनेछ ।

**२.३४ पर्यटन प्रवर्द्धन :**

मेलम्ची नगरपालिका क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. १ को सुरक्षा डाँडा र पाताल गुफा, वडा नं. २ को तपचुली डाँडा, वडा नं. ३ को गुरुङ्गगाउँ चिसापानी, वडा नं. ४ को पाटी भञ्ज्याङ्ग, थानाभञ्ज्याङ्गगढी र धौले, वडा नं. ५ को धुसेनीचौर सुलिकोट, वडा नं. ६ को मानेभञ्ज्याङ्ग सिग्देलटोल एकिकृत बस्ती, वडा नं. ११ को मेलम्ची हुँदै वडा नं. ९ को चांखु, गुफासम्मको पदमार्ग पहिचान गरी पद मार्ग निर्माण कार्यको थालनी गरिएको छ ।

मेलम्ची नगरपालिका वडा नं. ५ स्थित धौलेश्वरी मन्दिरको निर्माण र व्यवस्थापनको कार्य युएनडिपी र सिडइसिएफसंगको साझेदारीमा शुरुवात गरिएको छ । पर्यटन विकासको लागि पर्यटन विकास कोष स्थापना गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. १, २, ३ र ८ लगायत सुलिकोट, धुसेनीचौर धौले, गुफा चांखु, ओखेनी चौर, ककनी लगायत नगरपालिका भित्रका अन्य संभावित स्थानहरुको एकिकृत पर्यटन विकासका लागि संभाव्यता अध्ययनको कार्य अन्तिम चरणमा पुगेको छ । मेलम्ची नगरपालिका वडा नं. २ स्थित तपचुली भ्यू टावर निर्माणको मएच निर्माण गर्ने कार्य सम्पन्न भएको छ । मेलम्ची नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची ग्रिन सिटी पार्कको मएच निर्माणको कार्य भइहरेको छ । यसबाट आन्तरिक तथा वाह्य पर्यटनको विकासमा टेवा पुग्नुको साथै नगरको आन्तरिक आम्दानीमा समेत वृद्धि हुन जानेछ ।

मेलम्ची नगरपालिका आसपासमा रहेका छिमेकी गाउँपालिकहरुसंग समन्वय गरी बृहत्तर पर्यटन विकासका कार्यहरु अगाडि बढाउँने लक्षका साथ कार्य भइरहेको छ ।

## २.३५ आ.व. २०७५/७६ को पौष मसान्तसम्मको राजस्व संकलन विवरण :

मेलम्ची नगरपालिका र अन्तर्गतका वडा कार्यालयबाट आ.व. २०७५/७६ को पौष मसान्तसम्म तपशिल बमोजिमको राजस्व संकलन भएको छ ।

(क) नगरपालिका तर्फ :

| क.सं. | शिर्षक विवरण | संकलन भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | घर बहाल कर | ५३,१८५.४० | |
| २ | नविकरण शुल्क | १,९७,२५० | घ वर्गको ईजाजत समेत |
| ३ | नक्शा फेरवदल जरिवाना शुल्क | १,००० | |
| ४ | कार्यक्रम संचालन स्वीकृति | ५,००० | |
| ५ | घ वर्ग निर्माण व्यवसाय ईजाजत | ९१,००० | |
| ६ | व्यवसाय नविकरण विलम्भ दस्तुर | १०,५०० | |
| ७ | संकलन तथा विक्री, सडक मर्मत तथा सवारी कर | १३,४९,०१,०७६.९४ | |
| ८ | व्यवसाय दर्ता नविकरण दस्तुर | २६,९६६.५० | |
| ९ | डिजाइन दस्तुर | १,३५,००० | |
| १० | नक्शा फाराम दस्तुर | ७८,०४६.९६ | |
| ११ | नक्शा संशोधन जरिवाना दस्तुर | १,००० | |
| १२ | नाक्शा पास दस्तुर | २१,६६,३१०.२६ | |
| १३ | सिफारिस दस्तुर | १३,४०० | |
| १४ | अन्य दस्तुर | २,८१,०५७.६५ | |
| १५ | दण्ड जरिवाना | २०,००० | |
| १६ | प्राविधिक फिल्ड दस्तुर | १३,००० | |
| १७ | विज्ञापन कर | १,००,००० | |
| **जम्मा** | | **१३,८०,९३,७९३.७१** | |
| सडक मर्मत, सवारी प्रवेश शुल्क बापतको प्रथम किस्ता | | ९६,५०,००० | |
| धरौटी जफत (सवारी प्रवेश शुल्क) | | ३८०००० | |
| **कूल जम्मा** | | **१४,८१,२३,७९३.७१** | |

(क) वडा कार्यालय तर्फ :

| वडा नं. | सम्पत्ति कर | मलपोत कर | घरजग्गा बहाल कर | व्यवसाय कर | सेवा शुल्क दस्तुर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | - | ६२०६४.६२ | १९७५ | ५७२५० | १५३१०८.५० | २७४३९८.१२ |
| २ | - | १८४६० | - | १९००० | ६०२०० | ९७६६० |
| ३ | - | ९९५४५ | - | ८३०० | ७८४०० | १८६२४५ |
| ४ | - | ३८७०५.८४ | - | ३०००० | ९१३२० | १६००२५.८४ |
| ५ | - | ८२२५.२५ | - | २००० | ९४५१७ | १०४७४२.२५ |
| ६ | - | २५६५५.२५ | - | २१००० | ११९१६२.५० | १६५८१७.७५ |
| ७ | ४५३६१.७७ | ८८०४२ | - | ८०४० | १७४०४०.३६ | ३१५४८४.१३ |
| ८ | ११२७० | १९०५५.१४ | - | ० | ७१९२३ | १०२२४८.१४ |
| ९ | - | ६२२०५.८५ | - | ० | १६४३२४ | २२६५२९.८५ |
| १० | ७४९५ | ५१३७१ | २८८० | ४८०००० | १६६४९९ | २७६२४५ |
| ११ | ११७१५ | ७२०३१ | १०५८५२ | २६३५०० | ४२४७४० | ८७७८३८ |
| १२ | - | ७८९६५.१७ | ९०५३० | ९४५०० | २६३९३३.८३ | ५२७९२९ |
| १३ | ३०० | १५४०७ | - | १०००० | ५९८३० | ८५५३७ |
| जम्मा | ७६१४१.७७ | ६३९७३३.१२ | २०१२३७ | ५६१५९० | १९२१९९८.१९ | ३४००७००.०८ |

## २.३६ मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को संशोधित बजेट तथा कार्यक्रम :